Jana Aakash
National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ११, २०८२ साल असोज २१ गते मंगलबार (October 7, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## सामाजिक सञ्जाल सुविधाको लागि हो दुरूपयोग नगरौ

■ मोहन कार्की

**काठमाडौं–** ईन्टरनेटको सुविधाको विस्तार सँगै शुरु भएको विश्वभरी फैलिएको सामाजिक सञ्जालले मानिसहरुलाई सेवा, सुविधा पुऱ्याएको छ । प्राविधिक सीप भएकहरुको लागि रोजगारको अवसर बनेको छ ।

यस्तो अवसर सामाजिक सञ्जल बनाउन सीप भएका आईटी ईन्जिनियर अर्थात विज्ञान र प्रविधिका आविष्कारकहरुको प्रगतिको मापन गर्ने कुनै मापन नै छैन । किनकी कुन एपको कतिखेर कति प्रयोगकर्ता पाउछन् । असिमित छ । तर यो चै निश्चित हो । आईटी ईन्जिनियरहरुले मनग्य आम्दानी गरिरहेकाछन् ।

विश्वको मध्यस्तरको अर्थतन्त्र भएको नेपालले पनि ईन्टरनेटको विस्तारसँगै याहाका युवा पुस्ताले डिजिटल माध्यमवाट व्यवसाय गरी आम्दानी बढाउन सफल भएका छन् । वेभ डिजाईन,




फोटोसप, ईनडिजाईन, एप निर्माण, सफ्टवेयर कतिपय योजना समेत यस्तै प्रविधिको माध्यमवाट गरेर अन्तराष्ट्रिय बजारमा नेपाली प्राविधिकहरुले बिक्री गर्न समेत सफल छन् । विश्वका ठुला अर्थतन्त्र भएका देशको तुलनामा नेपालका आइटी ईन्जिनियरहरुको आम्दानी नपुगेपनि देशस्तरको आम्दानी सन्तोषजनक नै छ। त्यसैगरी प्रविधिको बृद्धि विकासले सीप भएकाहरुलाई आम्दानीको » बाकी ६ पृष्ठमा

## भोजपुरमा वर्षा र हावाहुरीले धानबालीमा क्षति

**भोजपुर–** भोजपुरमा लगातार भइरहेको वर्षा र हावाहुरीका कारण धानबालीमा क्षति पुगेको छ ।

बाला लाग्ने बेलाको धान लडेपछि किसान चिन्तामा परेका छन् । जिल्लाको अधिकांश भेगमा असोजसम्म धान बाली परिपक्व अवस्थामा पुगेको भएपनि यसपटक वर्षा र हावाहुरीका कारण धानबाली क्षति पुगेको किसानको भनाइ छ ।

जिल्लाको बोखिम, पोखरे, दावालगायत धेरै ठाउँमा धानबालीमा क्षति पुगेको छ । जिल्लाका सबै



स्थानीय तहमा धानको खेती हुने गरेको छ । वर्षासँगै आएको हावाले धानबालीमा क्षति पुऱ्याएको भोजपुर नगरपालिका-५ बोखिमका स्थानीय किसान रूपनारायण फुयाँलले बताए । बोखिम क्षेत्रका धेरै किसानको » बाकी ६ पृष्ठमा

## बाढीपहिरोमा परि ६० जना भन्दा बढिको मृत्यु

काठमाडौं- गत शुक्रबार र शनिबार आएको भारी वर्षापछिको बाढीपहिरोका कारण मृत्यु हुनेको संख्या ६० पुगेको छ ।

१९ पुरुष, २६ महिला र १५ नाबालकसहित ६० जनाको मृत्यु पुष्टि भएको प्रहरीले जनाएको छ । जसमध्ये सबैभन्दा धेरै मृत्यु इलाममा भएको छ । इलाममा पहिरो र बाढीमा परेर मृत्यु हुनेको संख्या ३७ पुगेको छ ।

पाँचथरमा ८, उदयपुरमा ३, खोटाङमा २, सुनसरीमा १, रौतहटमा ३, मोरङ, महोत्तरी, सिन्धुपाल्चोक र सिन्धुलीमा १/१ र काभ्रेमा २ जनाको मृत्यु भएको हो ।

## चोभार गल्छीको चट्टान हटाउने उद्देश्य छैन : सहरी विकास मन्त्रालय




काठमाडौं- सहरी विकास मन्त्रालयले काठमाडौं उपत्यकाको पानी निकास हुने चोभार गल्छीका चट्टानहरू हटाउने कुनै उद्देश्य नरहेको स्पष्ट पारेको छ ।

१४ असोजमा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी समितिको ३२ औं बैठकले 'अविरल वर्षाको समयमा चोभार गल्छीबाट हुने नदी प्रवाहमा अवरोध सिर्जना हुँदा वरपरको क्षेत्रमा डुबान हुने गरेकाले आगामी दिनमा उक्त समस्या दोहोरिन नदिन आवश्यकता अनुसार नेपाली सेनासँग समेत समन्वय गरी विपद् जोखिम न्यूनीकरण गर्न सहरी विकास मन्त्रालयलाई निर्देशन दिने' भन्ने पत्र प्राप्त भएको सहरी विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार उक्त निर्णय कार्यान्वयन सम्बन्धमा विभिन्न सामाजिक सञ्जाल तथा राजनीतिक दलहरूमा फरक-फरक विचार प्रेषित भई जनमानसमा दुविधा पर्न गएको छ । काठमाडौं उपत्याकाको पानीको निकास बिन्दु चोभारमा रहेको गल्छीको धार्मिक, सांस्कृतिक तथा प्राचीन पहिचान अक्षुण्ण राख्दै चोभार गल्छी वरपर क्षेत्रमा हुन सक्ने डुबान न्यूनीकरणका लागि चोभार गल्छीभन्दा माथि » बाकी ६ पृष्ठमा

## राहत र उद्धारबारे मन्त्रीहरूसँग छलफल

काठमाडौं- नेकपा एमालेका निवर्तमान सांसद सुहाङ नेम्वाङले इलाम विपद्बारे गृहमन्त्री ओम प्रकाश अर्याल, भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङ लगायतलाई भेटेर राहत तथा उद्धारमा जोड दिन अनुरोध गरेका छन् ।


बाढी पहिरोमा परेर इलाममा मात्रै ३७ जनाले ज्यान गुमाएपछि एमालेका युवा नेतासमेत रहेका नेम्वाङले गृहमन्त्री अर्याल र यातायात मन्त्री कुलमान घिसिङलाई भेटेर राहत र उद्धारबारे ध्यानकर्षण गराएको बताएका छन् ।

'इलाममा भएको मानवीय र भौतिक क्षतिको विषयमा जानकारी



दिने लिने र त्यसको व्यवस्थापनका लागि भइरहेका कामहरूबारे छलफल गरियो,' सामाजिक सञ्जाल फेसबुकमा नेम्वाङले लेखेका छन् ।

नेम्वाङका अनुसार मन्त्रीहरूलाई तत्काल बाँकी रहेका उद्धार तथा क्षतिपूर्तिका विषयमा पुन: ध्यानाकर्षण गराइएको छ । 'पहिरोका कारण प्रहरीको बसोबास गर्ने ठाउँ यसअघि नै क्षतिग्रस्त हुँदा धेरै ठाउँमा सुरक्षा व्यवस्थापनमा ध्यान दिनुपर्ने कुरा अवगत » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ११,
२०८२ साल असोज २१ गते मंगलबार
7 OCTOBER 2025, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# प्रकृतिको संरक्षण गरौ बाढी पैरौवाट जोगियौं ।

नेपालमा गएको २०८१ साल असोज १२ र १३ गते देशैभरी भारी अविरल वर्षा भयो त्यही अविरल वर्षाका कारण देशैभरी धेरै मानिसहरू बाढीमा परेर मृत्यु भयो । नेपालका मुख्य राजमार्गहरू समेत बाढीले बगाएर देशैभरीमा मानिसहरू सडक सञ्जालवाट समेत बञ्चित भए ।

वर्षा रोकिएपछि राष्ट्रिय राजमार्गहरू खुलाउनै पनि महिनौ लाग्यो जसो तसो खुलाइएका राजमार्गहरू पहिलाको अवस्थामा पुऱ्याउन सकेको छैन । देशमा ठूलो क्षति भएको छ । त्यसैगरी वेला वेलामा हुने भारी वर्षाका कारण नेपालका बिभिन्न क्षेत्रमा यस्ता समस्याहरू आउने गरेका छन् । यस्ता समस्यावाट धेरै नेपालीहरू प्रभावित हुदै आएका छन् । यस वर्ष २०८२ असोज १७ गते रातिवाट गएको वर्षजस्तै गरी फेरी पुनः १७, १८, १९ गते परेको पानीले त्यसैगरी क्षति पुऱ्यायो । यस्ता मानवीय र धेरै धनराशी खर्च गरेर बनाइएका भौतिक संरचना नोक्सान हुदा नागरिकहरूमा असुविधा पुग्नुको साथै त्रास पनि हुने गरेको छ ।

यस्ता समस्या आउनुमा विज्ञहरूले आ–आफ्नो भनाई सार्वजनिक गर्ने गरेका छन् । तर प्रकृतिक रूपमा बनेको पृथ्विमा मानिसहरूले आफ्नो सुविधाको लागि बनाउने सरचनाहरू दिर्धकालीन रूपमा असर पुग्ने आकलन नगरी जथाभावी वातावरणीय अवस्था विगारेर बनाएका सडकका कारण नै धेरै क्षति भएको छ ।

विशेष गरेर पाहाडी क्षेत्रहरूमा कच्ची सडक निर्माण गर्दा माथिको माटो डोजरले काटेर तलतिरको पाखामा त्यतिकै फाल्ने त्यस माटोलाई व्यवास्थापन नगर्ने र माथिल्लो मागको कान्लो बन्ने त्यसलाई पनि खुल्लै छोडिदिने गर्दा प्राकृतिक रूपमा विगतमा वन जंङगलले रोकेर राखेको प्राकृतिक रूपमा फेजिएर बग्ने पानी पछि मानिसले निर्माण गरेको खुल्ला माटोमा अड्किएर भल बन्दै पैरो खस्ने र त्यही पैरोले खेला, खोल्साहरू थुनिदै ठुलो आकारमा लेदो सहित खोल्सा र खोलमा पुग्ने र खोलमा पनि थुनिदै पानी जम्मा हुदै बाढीको रूपमा परिणत भएर त्यही ठूलो बाढीले ठुलठुला समस्या निम्त्याएको छ ।

त्यसकारण विकास निर्माणका कामहरू गर्दा प्राकृतिक अध्ययन गरेर प्रकृतिलाई संरक्षण गर्दै आउदा दिनमा हुन सक्ने क्षतिको आकालन गरेर पहिलानै ध्यान दिन सकेको खण्डमा यस्ता समस्या आउदैन थिए । आएपनि यति ठूलो समस्या आउदैनन् ।

# दशैँको मासु : कस्तो र कसरी खाने ?



■ डा. केदार कार्की

**दशैँका लागि खसीबोका किन्दादेखि नै हामीले केही आधारभूत कुरामा ध्यान दियौँ भने मासुबाट सर्ने रोगबाट बच्न सकिन्छ । हेर्दै नाम्ले परेजस्तो, अति दुब्लो, आँखा आवश्यकताभन्दा बढी रसिलो भएको, झोक्राएर बस्ने, फनफनी घुम्ने खसीबोका किन्नुहुँदैन । खसीबोका बिमारी भएको बेला यस्ता लक्षण देखाउने गर्छन् । अहिले काठमाडौंमा भित्रिने खसीबोकाहरुलाई सरकारी स्तरबाटै परीक्षण गरेर रातो र हरियो रंग दलिदिने गरिएको छ ।**

हिन्दू धर्मावलम्बीहरुको महान् चाड बडादशैँ घर-आँगनमा आइसकेको छ । यो चाडको धार्मिक पक्ष र महत्व आफ्नै ठाउँमा छ, त्योभन्दा ठूलो यसको सांस्कृतिक पक्ष पनि छ, जसले गर्दा दशैँ हिन्दूहरुको मात्र नभई गैरहिन्दूहरुको लागि पनि एउटा महत्वपूर्ण चाडको रुपमा मानिदै र स्थापित हुँदै आएको छ । खासगरी दशैँ आफन्तहरुसँग भेटघाट गर्ने, मान्यजनहरुबाट टीका र आशिर्वाद ग्रहण गर्ने एउटा महत्वपूर्ण अवसर पनि हो । त्यसबाहेक, दुःखजिलो गरेर भए पनि मीठो-मसिनो खाने चाडको रुपमा लामो समयदेखि स्थापित परम्परा पनि हो दशैँ ।

हिन्दू धर्मावलम्बीहरुको महान् पर्व दशैँ घर-घरमा भित्रिसकेको छ । दशैँमा प्रायः अरु समयभन्दा बढी माछामासु र खानाका परिकार खाने गरिन्छ । अपवादबाहेक नेपाली समाजमा मासुविनाको चाडबाड कल्पना पनि गर्न सकिँदैन । दशैँमा साकाहारीबाहेक मासु नखाने कमै हुने गर्छन् । मासु खाँदा स्वस्थ व्यक्तिले पनि कस्तो प्रकारको मासु कति खाँदा उपयुक्त हुन्छ भन्ने कुरामा विचार पुऱ्याउनुपर्छ । उच्च कोलेस्टेरोल, उच्च रक्तचाप, युरिक एसिड र मुटुसम्बन्धी समस्या भएकाहरूले मासु खाँदा धेरै सावधानी अपनाउनुपर्छ ।

साधारणतयाः मासु प्रोटिनको राम्रो स्रोत हो तर मासुमा कोलेस्टेरोल, चिल्लो पदार्थ, ट्राइग्लिसिराइड पनि प्रशस्त हुने भएकाले सन्तुलितरूपमा सेवन गर्न नसकेमा स्वास्थ्य समस्या सृजना हुन सक्छ । चाडपर्वमा मासु खानै नहुने भन्ने होइन, रातोभन्दा सेतो मासु खान उपयुक्त हुन्छ । रातो मासु खानै हुँदैन भन्ने पनि होइन तर त्यसको मात्रा मिलाएर खानुपर्छ । मुटुको समस्या, मिर्गौला रोगी, कोलेस्टेरोल भएका व्यक्तिहरुले रातो मासु खाँदै नखाँदा राम्रो हुन्छ ।

**कस्तो मासु कति खाने ?**

मासुका पनि विभिन्न प्रकार हुन्छन् । कलिलो, कडा, हड्डी धेरै भएको, बोसो धेरै भएको विभिन्न किसिमको हुन्छ मासु । कलिलो खसी, बोका वा राँगाको मासु पचाउन अलि सजिलो हुन्छ भने कडा, रेसादार, रातो मासु पच्न धेरै समय लाग्छ । यसबाहेक रातो मासुभन्दा बरु कुखुराको मासु, माछा खानु राम्रो हुन्छ ।

चाडपर्वको समयमा जमघट र भोजनले रमाइलो माहोल बन्ने गर्छ । अझ मासुका परिकारले जमघटलाई अझ विशेष बनाइदिन्छ । तर हामीले हाम्रो स्वाथ्यको ख्याल पनि गर्नुपर्छ । हामीले खाने खाना हाम्रो शरीरले पचाउन सक्ने हुनुपर्छ । हाम्रो जीवनशैली फेरिएको छ । पहिले-पहिले दशैँ वा चाडपर्वमा मात्र माछामासु खाने गरिन्थ्यो । मासु खाएपछि पनि हामी कसरत हुने गरी काम गर्ने र बढीभन्दा बढी हिँड्थ्यौँ तर अहिले हामी हिँड्नै छाडेका छौँ । अहिले सवारीसाधनको सुविधा छ । त्यसकारण हामीले खाएको खाना पच्नै पाउँदैन र शरीरमै स्टोर भएर बस्छ, जसबाट मोटोपनाको समस्या देखिन्छ । खाना खाँदा सकेसम्म अड्कलेर खानुपर्छ । मानिसले दैनिक २ सय ग्राम मासु खाएमा दैनिक प्रोटिनको आवश्यकता पुरा हुन्छ । सामान्यतयाः एक केजी तौल छ भने एक ग्राम मासु दैनिक प्रोटिनका लागि पर्याप्त हुन्छ । यस हिसाबले ६० किलो तौल भएको मानिसले ६० ग्राम मासु खाँदा त्यस दिनका लागि प्रोटिनको मात्रा पुग्छ । सँगै प्रोटिनयुक्त अन्य खाना पनि खाने भएकाले अझ घटाउन पनि आवश्यक छ ।

**मासु धेरै खाादा के हुन्छ ?**

एउटा काम नसक्दै अर्को काम थुपार्दा त्यसलाई सम्पन्न गर्न गाह्रो हुन्छ । त्यस्तै दशैँको बेला धेरै मासु खाँदा पेट र कलेजोमा त्यस्तै भार पर्छ । किनकि बिहान खाएको खाना नपच्दै पेटमा अर्को खानेकुरा पुग्दा पाचन प्रक्रियामा समस्या भइरहेको हुन्छ । मासुमा उच्च प्रोटिन हुने भएकाले पेट र कलेजोले राम्रोसँग काम गर्न सक्दैन । जसका कारण अपच भएर झाडापखाला लाग्न पनि सक्छ । कलेजोको काम खानालाई पचाउने हो । अन्य खानेकुराभन्दा मासु पचाउन समय लाग्छ, किनकि यो प्रोटिनको मुख्य स्रोत हो । दशैँको बेलामा मासु अत्यधिक मात्रामा सेवन गर्दा कलेजोले मासुलाई पचाउन सकेको हुँदैन । त्यसमाथि रक्सीसँग मासु थप खाइरहेका हुन्छन् । यसले रक्सी र मासु दुवैलाई पचाउन कलेजोले जोडतोडका साथ काम गरेको हुन्छ ।

त्यस्तै सजिलो गरी बुझ्दा मासु पच्न समय लाग्ने होइन, बोसो पच्न समय लाग्ने हो । कार्बोहाइड्रेट, फाइबरयुक्त खाना खाएको केही घण्टामा पच्ने गर्छ भने मासुमा भएको बोसो पचाउन कलेजोबाट एउटा छुट्टै पित्त सानो आन्द्रामा आएपछि मात्र पच्छ ।

यति गर्दा पनि मासु नपचेर शरीरमा बोसो जम्मा हुँदै जान्छ । यसबाट मोटोपन, उच्च रक्तचाप, मधुमेह, ग्यास्ट्रिक, पेट गडबडी हुने र मलद्वारको समस्या, कब्जियतलगायत समस्या निम्त्याउने सम्भावना हुन्छ । यसलाई हेलचेक्र्याइँ गरेमा अल्सर र मुटुरोगको जोखिम हुन्छ ।

मासु पचाउन सजिलो कसरी बनाउने ?

तेल, मरमसला कम राखेर कुकरमा पकाएको मासु पचाउन सजिलो हुन्छ । तर दशैँमा मासु यसरी झोल बनाएर वा नरम बनाएरभन्दा पनि पोलेर, तारेर, फ्राइ गरेर धेरै खाने चलन छ । पोलेर, फ्राइ गरेर खाँदा मासु राम्रोसँग नपाकेको पनि हुन सक्छ । पोलेको मासुको भित्री भाग राम्रोसँग नपाक्ने हुँदा चपाउन गाह्रो हुने हुन्छ । यसले गर्दा आमाशयमा ठूलो टुक्रा मासु भएपछि पचाउन ढिलो हुन्छ ।

मासुको टुक्रा स-साना बनाई सुपजस्तै गरी पकाएर खाएमा पचाउन सजिलो हुन्छ । मासु पकाएर भन्दा उसिनेर खानु स्वास्थ्यको लागि फाइदाजनक हुन्छ । किनकि उसिनेको मासुमा बोसो कम हुने र तेल, मसलासमेत कम हुने हुँदा शरीरलाई बेफाइदा गर्दैन । त्यस्तै मासुका साथै फाइबरयुक्त खानेकुरा पनि मिलाएर खाएमा अझ लाभदायक हुन्छ । बालबालिका र वृद्धवृद्धाको पाचन प्रक्रिया कमजोर हुने भएकाले उनीहरुले मासुजन्य परिकार कम सेवन गर्नु उपयुक्त हुन्छ । धेरै खाएमा नपचेर कब्जियत, पेट गडबडी हुने र मलद्वारमा समेत समस्या हुन सक्छ ।

कलेजोका बिरामी विशेष गरी मदिरा, बोसोयुक्त र चिल्लो खानाकै कारण कलेजोमा समस्या निम्तिने हो । चाडबाडको समयमा खानामा ध्यान नदिँदा कलेजो बिग्रिन सक्छ । मानिसको रगतमा रहेको अल्कोहलको मात्रा जति बढ्दै जान्छ, यसले दिमाग र स्नायु प्रणालीलाई त्यति नै नकारात्मक प्रभाव पार्दै जान्छ ।

प्रोटिनले शरीरलाई सुख्खा बनाउने भएकाले प्रशस्त पानी पिउनुपर्ने हुन्छ । मासु खाएपछि कागती-पानी पिउँदा मासुलाई पचाउन अझ सहज हुने गर्छ । रगतमा चिल्लोको मात्रा बढी भएकाले पेटभरि मासु खाँदा बाँचुन्जेल दुःख पाउन सकिन्छ । दीर्घरोगीले मात्र होइन, स्वस्थ मानिसले समेत मासु खान सावधानी अपनाउनुपर्छ । नेपालका मासु पसलहरूमा भएका लापरबाहीको कारण मानिसहरूमा धेरैजसो ब्याक्टेरियाको संक्रमण, जुकाका लार्भाहरू शरीरमा प्रवेश गर्ने तथा मासुमार्फत विभिन्न खालका रोग सर्ने गरेको चिकित्सकहरू बताउँछन् । फोहोर वधशाला, मासुको तयारी र रखवारीमा पर्याप्त ध्यान नदिँदा विभिन्न किसिमका फ्लु तथा सरुवा रोगहरू सर्ने माध्यम बनेको पाइन्छ । यी र यस्तै कारणहरुले गर्दा विभिन्न किसिमका चाडहरु मनाउनेबित्तिकै मानिसहरूको अस्पताल भर्ना हुने संख्या निकै बढेको पाइन्छ । चाडबाडका समयमा धेरै 'फुड प्वाइजन'का बिमारीहरू अस्पताल आउने गरेको वीर अस्पताल, टिचिङ अस्पताल र पाटन अस्पतालको तथ्यांकले देखाउँछ ।

सही ढंगले मासु र अन्य परिकार नपकाउँदा, त्यसलाई स्वस्थकर ढंगले नराख्दा खानेकुरामा विषाक्तता बढी खाना प्वाइजनिक हुन पुग्छ र खाएको केही समयभित्रै पेट बटारिने, पेट ढुस्स पर्ने, झाडापखाला चल्ने, अजीर्ण तथा अपच भई तत्कालै पेट फुल्नेलगायतका लक्षणहरू देखिन थाल्छ । यस्तो भएमा घरमै उपचार गर्नुका सट्टा तत्कालै नजिकको स्वास्थ्य संस्थाहरुमा गएर जँचाइहाल्नुपर्छ ।

यस्ता विभिन्न प्रकारका रोगहरुबाट बच्न तपाईंहरुको व्यक्तिगत सरसफाइ, तपाईंहरुले सेवन गर्ने पकाएका वा काँचो खानेकुरा कसरी सुरक्षा गर्ने भन्ने ज्ञानको कमी हो । यसपालिको दशैँमा आफ्नो स्वास्थ्यको ध्यान कसरी राखी आफ्ना पाहुनाको स्वास्थ्यमा समेत कसरी प्रभाव पार्न नदिने हो भन्ने विषयमा केही साधारण कुरामा ध्यान दिन सकिएमा उपचार खर्चका ठूलो जोखिम कम गर्न सकिन्छ । दशैँका लागि खसीबोका किन्दादेखि नै हामीले केही आधारभूत कुरामा ध्यान दियौँ भने मासुबाट सर्ने रोगबाट बच्न सकिन्छ । हेर्दै नाम्ले परेजस्तो, अति दुब्लो, आँखा आवश्यकताभन्दा बढी रसिलो भएको, झोक्राएर बस्ने, फनफनी घुम्ने खसीबोका किन्नुहुँदैन । खसीबोका बिमारी भएको बेला यस्ता लक्षण देखाउने गर्छन् । अहिले काठमाडौंमा भित्रिने खसीबोकाहरुलाई सरकारी स्तरबाटै परीक्षण गरेर रातो र हरियो रंग दलिदिने गरिएको छ । सिङमा हरियो रंग पोतिएका खसीबोका स्वस्थ हुन् भने रातो रंग दलिएका खसीबोका अस्वस्थ हुन्छन् ।मासु एक पौष्टिक आहार हो । यसमा १४ देखि २० प्रतिशतसम्म प्रोटिन पाइन्छ । यसमा जिंक, भिटामिन बी, पोटासियमजस्ता तत्वहरू पनि पाइन्छन् । यी तत्वहरू हाम्रो शरीरको लागि अति आवश्यक तत्वहरू हुन् । सन्तुलित भोजनमा मासुको प्रयोग अनिवार्य नै मानिन्छ । तर सही र सन्तुलित ढंगले उपभोग नगरेको खण्डमा मासुबाट प्राप्त हुने तत्वहरू त्यति सजिलैसँग प्राप्त गर्न सकिँदैन । यदि तपाई-हामीले राम्रोसँग सुरक्षित ढंगले मासु राख्न नजानेमा पनि त्यही मासुबाट विभिन्न भयानक किसिमका रोगहरु उत्पन्न हुने र सर्ने खतरा उत्तिकै रहन्छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# पहिरोले खाँदबारीको कारागारसहित अस्पताल भवनको पर्खाल उच्च जोखिममा




**किमाथाक्ता-** शुक्रबार, शनिबार र आइतबारको अविरल वर्षात्पछि को बाढी पहिरोले विभिन्न स्थानमा क्षति पुऱ्याएको छ । पहिराले खाँदबारीस्थित कारागारको भवन उच्च जोखिममा परेको छ ।

शनिबार दिउँसो आएको अविरल वर्षाले जिल्ला कारागार खाँदबारीको ३० मिटरको बाहिरी पर्खाल भत्किएको जेलर राजन घिमिरेले जानकारी दिए। पहिरोले कारागारको तल्लो भागको बाहिरी पर्खाल भत्किएर तलदेखि पहिरोले जोखिम बनाएको उनले बताए । पहिरो रोकथामका लागि आइतबारदेखि मर्मत थालिए पनि वर्षाका कारण समस्या भएको उहाँको भनाइ छ । पहिरोका कारण सदरमुकाम खाँदबारीमा रहेको नेपाली सेनाको इन्द्रदल गुल्मसमेत जोमिममा परेको जनाइएको छ ।

पहिरोका कारण चैनपुर नगरपालिका-६ मा रहेको १५ शय्याको नगर अस्पताल पर्खाल भत्किएर जोखिममा परेको जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाका निमित्त प्रहरी प्रमुख प्रहरी निरीक्षक रामकुमार लामिछानेले जानकारी दिए ।

त्यस्तैगरी चैनपुर-३ सिद्धपोखरीमा एक घर पहिरोको जोखिममा परेको छ । आइतबार दिउँसो आएको वर्षाका कारण ढुङ्गामाटोले बनेको तेन्जि शेर्पाको घर पहिरोको उच्च जोखिममा परेको उहाँले बताउनुभयो । ती परिवारलाई अन्यत्र सारिएको छ ।

**भोटखोला सडक अवरुद्ध**

पहिरोका कारण सदरमुकाम खाँदबारीबाट भोटखोला गाउँपालिका जाने उत्तर-दक्षिण सडकखण्ड एक महिनादेखि अवरुद्ध छ । उत्तर-दक्षिण सडक खण्डको मकालु गाउँपालिका-३ मा पहिरो खसेपछि सडक अवरुद्ध भएको हो । सडक अवरुद्ध भएपछि भोटखोला गाउँपालिकासँगसम्बन्ध सम्पर्क टुटेको छ ।

त्यस्तैगरी पहिरोका कारण उत्तर दक्षिण कोशी सडक खण्डका केही स्थानमा अझै पहिरोले अवरोध भएका कारण जिल्ला बाहिर जाने लामो दुरीका यातायात सञ्चालनमा रोक लगाइएको छ ।

माथिल्लो क्षेत्रमा लगातर ठूलो वर्षा भइरहेको र अरुण नदीका बेसिन खतराको तहपार गरेको अवस्था रहेको र अझै बढ्ने खतरा भएका कारण जिल्ला बाहिर तथा जिल्लाभित्रका ग्रामीण सडक खण्डमा यातायात सञ्चालनमा रोकलगाइएको निमित्त प्रहरी प्रमुख लामिछानले जानकारी दिए ।

## रामेछाप डायरी

# जिल्ला बासीको अत्याधिक मागपछि मन्थली-काठमाडौं उडान सुरु

**रामेछाप-** जिल्लाबासीले चौतर्फी माग र प्रश्न उठाएपछि रामेछाप विमानस्थलबाट आज देखि मन्थली-काठमाडौं उडान हुने भएको छ ।


यो उडान स्थानीयहरूको मागमा आधारित रहेर गर्न लागिएको बुझिएको छ । तर, रामेछाप विमानस्थललाई भने यो समाचार तयार पार्दा सम्म उडान बारे कुनै आदेश/निर्देशन प्राप्त नभएको विमानस्थल कार्यालयले जनाएको छ ।

सोमबारै तारा एयरलाइन्सको उडान मार्फत १७ जना यात्रु काठमाडौं लगिएको छ । पछिल्लो केही दिन यता खराब मौसमले बीपी राजमार्गसहित काठमाडौं जोड्ने मुख्य सडक मार्ग अवरुद्ध गरेपछि स्थानीयहरूले कम्तीमा एउटा उडान मार्फत आपतमा परेका



स्थानीयहरूलाई सेवा दिनु पर्ने माग राखेपछि पटक-पटक हुँदै रोकिँदै आएको मन्थली-काठमाडौं उडान सोमबार निवर्तमान ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्य मन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम) ले नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक (डिजी) प्रदीप अधिकारीसँग छलफल गरी उडान गर्न गरेको आग्रह अनुसार आजबार १२ बजेपछि यात्रु बोक्ने गरी उडान गर्न सहमति गरिएको विघटित सांसदका सांसद समेत रहेका नेता कान्छारामले जानकारी दिए ।

# जेनजीले मागे अख्तियार प्रमुख राईको राजीनामा




**काठमाडौं-** विभिन्न जेनजी समूह र व्यक्तिहरूको सहभागितामा गठन गरिएको 'जेनजी मुभमेन्ट अलायन्स'ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहित सम्पूर्ण आयुक्तहरूलाई तत्काल स्वेच्छिक राजीनामा दिन आग्रह गरेको छ ।

जेनजी आन्दोलन भ्रष्ट्रचारविरुद्धको अभियान पनि रहेकोले त्यसमा सहयोग गर्न प्रमुख आयूक्तसहित सम्पूर्ण आयुक्तको राजीनामा माग गरिएको हो । समूहले जारी गरेको विज्ञप्तिमा भनिएको छ, '२०८२ भदौ २३ गतेदेखि सुरु गरिएको हाम्रो आन्दोलनको प्रमुख उद्देश्य भ्रष्टाचार र दण्डहीनताको अन्त्य हो । तर, अख्तियारमा नेतृत्व गर्ने व्यक्तिहरूको नियुक्ति नै निष्पक्ष र लोकतान्त्रिक प्रक्रियाविना भएको कारण उनीहरूले आयोगको विश्वसनीयता गुमाएका छन् ।'

अलायन्सकाअनुसार आयोगका प्रमुख र अन्य आयुक्तहरूको नियुक्ति पूर्वप्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले संसदीय सुनुवाइ विना गरेको र त्यसले आयोगको स्वतन्त्रता र निष्पक्षतामाथि प्रश्न उठाएको आरोप उनीमाथि छ । जेनजी मुभमेन्ट अलायन्सले विशेष अदालतको हालसालैको निर्णयलाई समेत उद्धृत गर्दै आयोगको अभियोजन प्रणाली र प्रमुख आयुक्तको निष्पक्षतामाथि गम्भीर प्रश्न उठाएको दाबी गरेको छ। अदालतको निर्णयमा प्रमुख आयुक्त राईको 'स्वार्थ द्वन्द्व र चयनात्मक अभियोजन' सम्बन्धी टिप्पणी उल्लेख भएपछि उनीहरूको राजीनामा माग झनै बलियो बनेको समूहको तर्क छ । विज्ञप्तिमा राईको संलग्नता देखिएका ठूला मुद्दाहरू पनि समेटिएका छन् । तीमध्ये नेपाल आयल निगमको जग्गा खरिद प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण र वाइडबडी विमान खरिद प्रकरणलाई आयोगको प्रमुखको संलग्नतासँग जोड्दै उनीमाथि नैतिक जिम्मेवारी लिने माग गरिएको छ । समूहले भनेको छ, 'यी घटनाहरूमा प्रत्यक्ष वा नियामक हैसियतमा संलग्न रहेकाले प्रमुख आयुक्तको नैतिक जिम्मेवारी बनेको छ । अतः तत्काल राजीनामा दिनु नै अख्तियारको गरिमा र विश्वास पुनःस्थापना गर्ने बाटो हो ।'

विज्ञप्तिमा अहिले संघीय संसद् नहुँदा महाअभियोग प्रक्रियामार्फत पदमुक्त गर्न सम्भव नभएकाले राजीनामाबाटै पद रिक्त गर्नपर्ने उल्लेख गरिएको छ । साथै, गठित अन्तरिम सरकारलाई खुला आवेदन प्रक्रियामार्फत निष्पक्ष नियुक्ति समिति गठन गरी नयाँ आयुक्तहरू नियुक्त गर्न पनि आग्रह गरिएको छ। 'नयाँ नियुक्तिहरू पहुँचवालाको बन्द सूचीबाट होइन, सबै योग्य र सक्षम नागरिकको खुला प्रतिस्पर्धाबाट हुनुपर्छ,' विज्ञपतिमा भनिएको छ । जेनजी मुभमेन्ट अलायन्सले अनौपचारिक तथा विद्युतीय माध्यमबाट गरेको राजीनामा माग पूरा नभए भोलि असोज २१ गते बिहान १० बजे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा औपचारिक निवेदन दर्ता गर्ने र आवश्यकता परे अन्य कार्यक्रमहरू सञ्चालन गर्ने चेतावनी पनि दिएको छ । 'यसबाहेक प्रधानमन्त्री र राष्ट्रपति कार्यालयलाई पनि ईमेल गरेका छौं । यदि उहाँ आफैंले मार्गप्रशस्त नगरे अख्तियार कार्यालय अगाडि शान्तिपूर्ण प्रदर्शन थाल्ने तयारी पनि हाम्रो छ,' यसमा अगुवामध्येका एक अमित खनालले अनलाइनखबरलाई बताए । जेनजी मुभमेन्ट अलायन्समा ३९ वटा जिल्ला प्रतिनिधित्व गर्ने १२ वटा जेनजी समूह रहेका छन् ।

# जेनजी आन्दोलनका घाइते भेट्न अस्पताल पुगे नारायणकाजी



**काठमाडौं-** नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ जेनजी आन्दोलनका घाइतेलाई भेट्न अस्पताल पुगेका छन् ।

नेता श्रेष्ठका अनुसार आन्दोलनका क्रममा सरकारको गोली प्रहारबाट घाइते भई त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा उपचाररत युवा आन्दोलनकारीहरूको स्वास्थ्य अवस्था बुझ्न र स्वास्थ्यलाभको कामना गर्न उनी आज अस्पताल पुगेका हुन् ।

'चिकित्सक, नर्स तथा अस्पतालका सम्पूर्ण स्वास्थ्यकर्मीहरूको निष्ठापूर्ण सेवाका कारण उहाँहरूको स्वास्थ्यमा राम्रो सुधार भइरहेको छ' श्रेष्ठले सामाजिक सञ्जालमा लेखेका छन्, 'यसअघि ४१ जना घाइते उपचारपछि घर फर्किसक्नुभएको छ भने हाल ५ जना विभिन्न वार्डमा उपचाररत हुनुहुन्छ ।'

नेता श्रेष्ठले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।


'साथै, उहाँहरूको सौर्यमय संघर्ष खेर जान नदिई त्यसलाई उपलब्धिमूलक बनाउन निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्दछु' नेता श्रेष्ठले सामाजिक सञ्जालमै लेखेका छन् ।

# जेनजी अगुवाले चलाए 'एरेस्ट केपी ओली' अभियान

काठमाडौं- सामाजिक सञ्जालमा 'एरेस्ट केपी ओली' अभियान चलेको छ । जेनजी अगुवाहरूले निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीलाई पक्राउ गर्न भन्दै दबाबमुलक अभियान चलाएका हुन् ।

गत भदौ २३ गते जेनजी आन्दोलनमा राज्यको तर्फबाट दमन भएको र धेरै युवा हाताहती भएको भन्दै तत्कालीन सरकारका प्रतिनिधिलाई पक्राउ गरिनुपर्ने जेनजी अगुवाको माग छ ।

'अधिकार माग्न गएका निहत्था विद्यार्थीहरूमाथि जुन दम्भ र अहंकारले गोली दागियो, त्यो तानाशाहीपनको हिसाब हुनु जरूरी छ,' जेनजी अगुवा रक्षा बमले लेखेकी छन्, 'मधेश विद्रोह हुँदा दुई चार दाना कुहिएका आँप झरेका हुन् भन्ने अभिव्यक्ति दिने, जेनजीको आन्दोलनमा




निहत्था कलिला विद्यार्थीहरूमाथि गोली दाग्न आदेश दिने, एक व्यक्ति आज पनि जग हसाउँदै चुट्किला सुनाएर बसिरहेको छ । हत्याराहरूलाई कारबाहीको दायरामा ल्याइयोस् ।'

# कांग्रेसमा बेमौसमी बाजा



**काठमाडौं-** नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकअघि नै विशेष महाधिवेशन आह्वानको माग गर्दै हस्ताक्षर पेश गर्ने तयारी छ । सभापति शेरबहादुर देउवाले यही असोज २६ गते बस्ने गरी केन्द्रीय समिति बैठक बोलाएका छन् । पार्टी विधानअनुसार विशेष महाधिवेशनका लागि दुई विधि छन् । पहिलो- केन्द्रीय समिति बैठकले आवश्यक ठानेर विशेष महाधिवेशन बोलाउन सक्ने । र, दोस्रो- ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले कारण खुलाई हस्ताक्षरसहित लिखित माग गरेमा विशेष महाधिवेशन बोलाउन सक्ने । विशेष महाधिवेशनको हस्ताक्षर अभियान ६ असोजबाट सुरु भएको थियो । विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर गर्नेहरूमा नेता डा. शेखर कोइराला, दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा पक्षधर छन् ।

संस्थापनइतरका नेताहरुको दाबीअनुसार हस्ताक्षर गर्नेहरूमा सभापति देउवा पक्षका पनि छन् । विशेष महाधिवेशन पक्षधर नेताहरुको अनुसार ४० प्रतिशत हस्ताक्षर पुगिसकेको छ ।

महामन्त्री थापा निकट एक नेताले भने, 'हस्ताक्षर ४० प्रतिशत महाधिवेशन प्रतिनिधिको हुनुपर्ने हो । ६०/६५ प्रतिशत पुऱ्याउन सहजै सकिन्छ ।' १४ औं महाधिवेशनमा चुनिएका ४ हजार ७४३ प्रतिनिधिबाट विशेष महाधिवेशन माग गर्न १ हजार ८९८ जनाको हस्ताक्षर पुग्नुपर्छ । लिखित रूपमा विशेष महाधिवेशन माग भएको अवस्थामा तीन महिनाभित्र बोलाउनु पर्ने विधानको व्यवस्था छ । यही भदौ २३ र २४ गते भएको जेनजी विद्रोहपछि कांग्रेसमा पार्टी पुनर्गठनको माग व्यापक उठेको छ । सभापति देउवाको नेतृत्वमा चुनावमा जान नसकिने निक्यौंलसहित केही नेताहरु नेतृत्व परिवर्तनको पक्षमा उभिएका छन् ।

# भैरहवाबाट १५४ यात्रुलाई चार्टर्ड फ्लाइट मार्फत काठमाडौं प्रस्थान


**बुटवल-** नेपाल वायुसेवा निगमको जहाज गौतमबुद्ध अन्तर र्राष्ट्रिय विमानस्थलबाट १५४ यात्रुलाई लिएर चार्टर्ड फ्लाइटमार्फत काठमाडौं प्रस्थान गरेको छ ।

आइतबार राति अन्तिम समयमा तयारी नपुगेको भन्दै स्थगित गरिएको भैरहवा-काठमाडौं चार्टर्ड फ्लाइट सोमबार साँझ भएको हो । सोमबार दिउँसो २.४५ मा हुने भनिएको उडान तीन घन्टा ढिलो भएको विमानस्थलस्थित प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी उपरीक्षक माधव बुढाथोकीले जानकारी दिएका छन् ।

नेपाल वायुसेवा निगमले नागरिक उड्डयन प्राधिकरणसँग आइतबार साँझ ७.१५ देखि ९.४५ बजेसम्म काठमाडौं - भैरहवा र भैरहवा-काठमाडौं सम्मको उडानको लागी बिमान नम्बर ए ३०२ को अनुमति लिएर यात्रुहरुको नाम संकलन गरेको थियो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ११,
२०८२ साल असोज २१ गते मंगलबार
7 OCTOBER 2025, TUESDAY

# तीन व्यावसायिक संस्थाका अध्यक्षले अर्थमन्त्रीलाई भेटेर भने- आगजनी गर्नेमाथि कारबाही गरियोस्




**काठमाडौं–** तीनवटा व्यावसायिक संस्थाले प्रदर्शनका क्रममा व्यापारिक प्रतिष्ठानमा भएको तोडफोड, लुटपाट र आगजनीमा संलग्नमाथि कारबाही गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डे र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले सोमबार अर्थमन्त्री रामेश्वर खनालसँगको भेटमा व्यापारिक प्रतिष्ठानमा भएको तोडफोड, लुटपाट र आगजनीमा संलग्नलाई कारबाहीको दायरामा नल्याए निजी क्षेत्र निरुत्साहित हुने बताए । 'जेनजीको प्रदर्शनका क्रममा व्यापारिक प्रतिष्ठानमा भएको तोडफोड, लुटपाट र आगजनी अक्षम्य हो । त्यसैले छानबिन गरेर दोषी पत्ता लगाइ कारबाही गरिनुपर्छ । अन्यथा निजी क्षेत्र थप निरुत्साहित हुन्छ,' उनीहरुले भने ।

जेनजीको प्रदर्शनका क्रममा भदौ २४ गते भाटभटेनी सुपरमार्केटका २१ वटा स्टोरमा तोडफोड र लुटपाट तथा ९ वटामा आगजनी भएको थियो । यस्तै विभिन्न होटल, गाडीका शोरुम लगायत पनि तोडफोड र आगजनीमा परेका थिए ।

ढकाल, पाण्डे र अग्रवालले सरकारले उद्यमी व्यवसायीले निर्वाधरूपमा काम गर्न पाउने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

'सरकारको मुख्य लक्ष्य निर्वाचन भए पनि सुधारको जग बसाल्ने अवसर पनि हो । लगानी र अन्य स्रोत आकर्षित गर्न निजी क्षेत्रको अगुवाइ वा संलग्नतामा बहुपक्षीय वित्त सम्मेलन गरी सबै सरोकारवालालाई आश्वस्त पार्नुपर्ने आवश्यकता छ,' ढकालले भने ।

तीन संस्थाका अध्यक्षले निर्वाचनले नै खुला बजार र लोकतान्त्रिक व्यवस्था बलियो हुने भएकाले समयमै निर्वाचन गर्नका लागि सहयोग गर्ने प्रतिबद्धता समेत जनाएका छन् ।

अर्थमन्त्री खनालले निजी क्षेत्रको मनोबल बढाउन सरकार निरन्तर प्रयत्नशील रहेको जवाफ दिए । उनले निजी क्षेत्रको मनोबल उकास्न सरकारले एकपछि अर्को निर्णय गरिरहेको बताए ।

जेनजीको आन्दोलनका क्रममा तोडफोड र आगजनीमा परेका व्यावसायिक प्रतिष्ठानलाई सरकारले यसअघि नै राजस्व छुट, बैंकिङ सहुलियत र बीमामा सहजीकरण गर्ने निर्णय गरिसकेको छ ।

अर्थमन्त्री खनालले निजी क्षेत्रको मागबमोजिम भन्सारमा नयाँ 'डेटाबेस' प्रणाली लागू गरिएको भन्दै त्यसको उपयोग गर्न व्यवसायीलाई आग्रह गरे ।

सन्दर्भ मूल्य खारेज गरी भन्सारमा असोज ९ बाट लागू गरिएको 'अनलाइन डेटाबेस' प्रणालीले बजारमा पारदर्शी कारोबारले प्रश्रय पाउने मन्त्री खनालको विश्वास छ ।

# नेपाल वायुसेवा निगमले सोमबार भैरहवा–काठमाडौं उद्धार उडान गर्ने




**काठमाडौं–** नेपाल वायुसेवा निगम (एनएसी)ले सोमबार भैरहवाबाट काठमाडौंमा उद्धार उडान गर्ने भएको छ । एनएसीले १५८ सिटको न्यारोबडी जहाजमा उद्धार उडान गर्ने भएको हो ।

उडानका लागि एनएसीले नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)सँग अनुमति मागेको छ । एनएसीका प्रवक्ता सुवास डाँगीले क्यानबाट अनुमति पाएको अवस्थामा सोमबार अपराह्न १ बजे उद्धार उडान गर्ने तयारी रहेको जानकारी दिए ।

'सडकमा अवरोधका कारण धेरै यात्रु भैरहवामा रोकिएको जानकारी पाएका कारण हामी भोलि अपराह्न १ बजे उद्धार उडान गर्ने तयारीमा लागेका हौं । क्यानबाट अनुमति पाउन बाँकी छ,' डाँगीले भने ।

क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले एनएसीलाई उद्धार उडानको अनुमति दिने प्रक्रिया अगाडि बढाएको जानकारी दिए ।

'एनएसीको पत्र पाएपछि हामीले आवश्यक प्रक्रिया अगाडि बढाएका छौं । सोमबार बिहानसम्म निर्णय हुन्छ । विपद्को समयमा उद्धार उडानका लागि अनुमति नदिने भन्ने हुँदैन,' उनले भने ।

पोहोर दसैंमा पनि यात्रुहरुले जहाजको टिकट पाउन नसकेपछि एनएसीले न्यारोबडी जहाजमा भैरहवामा एउटा उडान गरेको थियो ।

# चाडपर्वलक्षित अटो लोन योजनामा कोभन्दा को कम




**काठमाडौं–** गाडी किन्न वाणिज्य बैंकहरूले अहिले धमाधम स्थिर ब्याजदरमा कर्जा दिइरहेका छन् । कर्जा अवधिभर ब्याजदर परिवर्तन नहुने गरी न्यूनतम ७.४९ प्रतिशतदेखि अधिकतम ११.९९ प्रतिशतसम्मको स्थिर ब्याजदरमा बैंकहरुले ऋण दिइरहेका हुन् ।

अधिक तरलताका कारण बैंकहरूले लामो अवधिका लागि स्थिर ब्याजदरमा गाडी कर्जा दिइरहेका छन् । पछिल्लो समय निरन्तर ब्याजदर घटेका कारण कर्जाको औसत ब्याजदर ७.७६ प्रतिशतमा झरेको छ ।

ब्याजदर निरन्तर घटेपनि कर्जाको माग भने बढ्न सकेको छैन । घट्दो ब्याजदर र चाडपर्वलाई लक्षित गर्दै बैंकहरूले सस्तो ब्याजदरका अटो कर्जाको अफर ल्याउन थालेका छन् ।

चाडपर्वलाई लक्षित गर्दै एभरेष्ट बैंकले ७.४९ प्रतिशत ब्याजदरमा अटो कर्जा ल्याएको छ । त्यसैगरी, ग्लोबल आइएमई बैंकले ७.९९ प्रतिशत स्थिर ब्याजदरमा अटो कर्जा दिने घोषणा गरेको छ ।

परिवर्तित ब्याजदरको हकमा भने बैंकहरूले ६ प्रतिशत ब्याजदरमा अटो कर्जा दिइरहेका छन् । नेपाल बैंकले ५.९९ प्रतिशत परिवर्तित ब्याजदरमा अटो कर्जा दिइरहेको छ ।

अन्य बैंकहरूले ६/७ प्रतिशत परिवर्तित ब्याजदरमा अटो कर्जा दिन्छन् । परिवर्तित ब्याजदर दिएको कर्जा बेसरेट बढेपछि भने बढ्छ । अधिकांश बैंकहरूले एकल अंकको स्थिर ब्याजदरमा अटो कर्जा दिएका छन् ।

प्रभु बैंकले ८ प्रतिशत स्थिर ब्याजदरमा अटो कर्जा दिइरहेको छ । ५ बैंकहरूले लामो अवधिको स्थिर ब्याजदरको कर्जाका लागि १० प्रतिशत बढी ब्याज लिन्छन् ।

माछापुच्छ्रे बैंकले ५ वर्ष अवधिको अटो कर्जा साढे ९ प्रतिशत स्थिर ब्याजदरमा दिइरहेको भएपनि १० वर्ष अवधिको स्थिर ब्याजदरको कर्जामा भने दोहोरो अंकको ब्याजदर कायम गरेको छ । त्यसैगरी, लक्ष्मी सनराइज बैंकले न्यूनतम ७.४७ देखि अधिकतम ११.९९ प्रतिशत स्थिर ब्याजदरमा अटो कर्जा दिन्छ । एभरेष्ट बैंकका सीइओ सुदेश खालिङ ७ वर्ष अवधिको अटो कर्जा ७.४९ प्रतिशत स्थिर ब्याजदरमा दिइरहेको बताउँछन् ।

'निरन्तर तरलता बढ्दै गइरहेको छ । वाणिज्य बैंकहरूको औसत सीडी रेसियो ७५ प्रतिशत छ,' उनले भने, 'पर्याप्त तरलता र चाडपर्व लक्षित गरी सस्तो ब्याजदरमा स्थिर ब्याजदरको अटो कर्जा ल्याएका हौं ।'

प्रायजसो बैंकहरूले चाडपर्वलाई मध्यनजदर गर्दै विभिन्न स्किम समेत ल्याउने गरेको उनको भनाइ छ । ग्लोबल आइएमई बैंकका डेपुटी सीइओ सुमन पोखरेलले सस्तो स्थिर ब्याजदरमा अटो कर्जा दिइरहेको जानकारी दिए । 'नाडा अटो शोलाई मध्यनजर गर्दै अटो कर्जाको स्किम ल्याएका थियौं । त्यसले कर्जा पनि बढाएको थियो,' उनले भने, 'चाडपर्व लक्षित गरेर अहिले ७.९९ प्रतिशत स्थिर ब्याजदरमा अटो कर्जा दिइरहेका छौं ।'

# राजमार्गमा अवरोधले हवाई उडानमा चाप



**काठमाडौं–** दसैं बिदा सकेर काठमाडौं फर्कने यात्रुको चापले पहिले नै महँगो भइसकेको हवाइ टिकट समेत सकिएको छ । विभिन्न गन्तव्यबाट काठमाडौं आउनका लागि तीन दिनसम्मका हवाई टिकट सकिएका हुन् ।

शनिबारको बाढीपहिरोले राजमार्ग अवरुद्ध हुँदा त्यसको असर हवाई यात्रामा चाप परेपछि टिकट अभावको अवस्था आएको हो । काठमाडौंबाट बाहिरिनका लागि भने हवाई टिकट उपलब्ध रहेको वायुसेवा प्रदायक कम्पनीहरुले जनाएका छन् ।

देशका विभिन्न भागमा अविरल वर्षाले बाढीपहिरो आउँदा सडक यात्रा रोकिएको छ । यसले गर्दा यात्रुहरू हवाई यात्रातर्फ मोडिएका छन् । सडक छाडेर हवाई यात्रा रोज्नुपर्ने बाध्यताले माग बढेर आगामी तीन दिनसम्मको हवाइ टिकट सकिएको छ ।

विराटनगर, पोखरा, धनगढी, भद्रपुर, भरतपुर, जनकपुर, राजविराज, सिमरा र नेपालगञ्जबाट काठमाडौं फर्कने सोमबार, मंगलबार र बुधबारसम्मका सबै उडानका टिकट सकिएको एयरलाइन्स कम्पनीहरूले जनाएका छन् । बिहीबारदेखि केही टिकट उपलब्ध भए पनि ती सबै महँगो दरका मात्र छन् ।

बुद्ध एयरका प्रवक्ता दीपेन्द्र कर्णले राजमार्ग बन्द हुँदा हवाई उडानमा चाप परेको बताए । 'धेरैजसो गन्तव्यबाट काठमाडौं आउनका लागि चार दिनसम्म अकुपेन्सी फुल छ,' कर्णले भने ।

उनले शनिबारको उडान मौसममा खराबीका कारण रोकिएकाले पनि यात्रुको चाप बढेको बताए ।

दसैंको समयमा सामान्यतः हवाई टिकटको माग बढ्ने गर्छ । यसपटक सडक यातायात ठप्प भएपछि यात्रुहरूका लागि हवाई यात्रा मात्र विकल्प भएको छ । सस्तो दरका सबै टिकट सकिएपछि यात्रुहरू महँगो दरका टिकट खरिद गर्न बाध्य छन् ।

वर्षाका कारण शनिबार बाढीपहिरो जान थालेपछि काठमाडौं आउने सबै सडक बन्द गरिएको थियो । सडक यात्रा अनिश्चित भएपछि यात्रुहरू हवाई यात्रामा केन्द्रित भएका हुन् ।

श्री एयरलाइन्सका प्रवक्ता अनिल मानन्धरले बुधबारसम्मका सबै टिकट बिक्री भइसकेको बताए ।

'खराब मौसमका कारण शनिबार कुनै पनि आन्तरिक उडान सम्भव भएन । त्यसले गर्दा पनि हामीलाई चाप परेको हो,' मानन्धरले भने, 'बुधबारसम्मको टिकट सोल्डआउट भइसकेको छ । त्यसपछिका दिनका लागि पनि टिकटको माग उच्च छ । सडक मार्ग अवरुद्ध हुनु नै टिकटको माग बढ्नुको मुख्य कारण हो ।'

एयरलाइन्स कम्पनीहरूले शनिबारको टिकट लिएका यात्रुहरूको रकम फिर्ता गरेका छन् । सरकारले बाढीपहिरोका कारण आइतबार र सोमबार सार्वजनिक बिदा घोषणा गरेको छ ।

आइतबार काठमाडौंको मौसम सफा भए पनि यात्रुको चापका कारण सबैजसो उडान कम्तिमा दुई घण्टासम्म ढिलो भएका छन् । एयरलाइन्स कम्पनीले यात्रुको माग धान्न सकिरहेका छैनन् ।

नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले उपलब्ध गराएको स्लटले यात्रु ओसार्न भ्याउने अवस्था छैन । त्यसमाथि उडान तालिका ढिला हुँदै गएकाले अबेरतिरको उडान स्थगित हुने सम्भावना बढेर गएको छ ।

खासगरी राति उडान, अवतरण गर्ने प्रविधि जडान नभएको विमानस्थलबाट अबेरतिर यात्रु ल्याउन नसकिने भएकाले उडान स्थगन हुने सम्भावना रहेको कम्पनीहरुले जनाएका छन् ।

भरतपुर विमानस्थलमा यात्रुको चाप बढेपछि काठमाडौं फर्किन बसको व्यवस्था गरिएको छ । विमानस्थलमा टिकट नपाएर अलपत्र परेका यात्रुलाई स्थानीय प्रशासनको पहलमा बसमार्फत् काठमाडौं ल्याउन थालिएको हो ।

शनिबारका लागि टिकट लिएका यात्रु र आइतबारका लागि पुनः विमानस्थल पुगेका यात्रुका कारण विमानस्थलमा यात्रुको चाप अत्यधिक बढेको थियो ।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विमानस्थलमा यात्रुको अत्यधिक चाप रहेका कारण यातायात व्यवसायीलाई आग्रह गरेर यात्रुलाई विमानस्थलबाटै काठमाडौं पुग्ने व्यवस्था मिलाएको बताए ।

'एउटा माइक्रोबसले यात्रु लिएर गएको छ । अत्यावश्यक परेका यात्रुलाई थप बसको व्यवस्था गरेर पठाउँदै छौं,' उनले भने ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# १७ गते परेको अविरल वर्षाको बाढीले ३२ जलविद्युत आयोजना प्रभावित

**काठमाडौं-** १७ गते देखि १९ गतेसम्म परेको अविरल वर्षाको बाढीले ३२ जलविद्युत आयोजना प्रभावित भएका छन् । प्रारम्भिक तथ्याङ्क अनुसार सञ्चालनमा रहेका १८० मेगावाट क्षमताका १७ आयोजना र निर्माणाधीन अवस्थामा रहेका ३३८ मेगावाट क्षमताका १५ जलविद्युत आयोजना बाढीबाट प्रभावित भएका छन् ।



भारी वर्षाको कारण देशका विभिन्न विकास आयोजनाहरुमा क्षति पुगेको छ । करिब ३२ ओटा जलविद्युत आयोजना प्रभावित भएका छन् । यहि असोज १७ गतेदेखि १९ गतेसम्म आएको भारी वर्षाका कारण तीन वटा प्रदेशका १० जिल्लामा ३२ जलविद्युत आयोजना प्रभावित भएको हो ।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको सस्था, नेपाल (इप्पान) ले संकलन गरेको सोमवार दिउँसोसम्मको प्रारम्भिक तथ्याङ्क अनुसार सञ्चालनमा रहेका १८० मेगावाट क्षमताका १७ आयोजना र निर्माणाधीन अवस्थामा रहेका ३३८ मेगावाट क्षमताका १५ जलविद्युत आयोजना बाढीबाट प्रभावित भएका छन् ।

विगतका वर्षहरुमा बाढीको पूर्वसूचना प्राप्त नहुँदा तथा प्राप्त सूचनाप्रति पनि विश्वस्त नहुँदा ठूलो मानवीय क्षतिसमेत हुँदै आएकोमा यस वर्ष इप्पान र जल तथा मौसम विज्ञान विभागबीच बाढीको पूर्वसूचना आदान प्रदान गर्ने सम्झौता भई सोही अनुसार पूर्वसूचना प्रेसित गरी मानवीय क्षति रोक्न सफाल भएको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए ।

समयमै आवश्यक पूर्वतयारी गर्दा यसपटक भारी वर्षाको तुलनामा जलविद्युत आयोजनाहरुमा निकै कम मात्र भौतिक क्षति भएको पनि अध्यक्ष कार्कीले बताए ।

**सञ्चालनमा रहेका १७ मध्ये १५ आयोजना इलामका**

बाढी पहिरोका कारण सबैभन्दा बढी प्रभावित भएको कोशी प्रदेशको इलाम जिल्लामा जलविद्युत आयोजनाहरु पनि सबैभन्दा धेरै प्रभावित भएका छन् । इलाममा मात्रै सञ्चालनमा आएका १५ वटा जलविद्युत आयोजनाहरुको उत्पादन बन्द भएको छ ।

जसमा ४.५ मेगावाटको माईखोला, ८ मेगावाटको माईखोला क्यासकेड, २२ मेगावाटको माईखोला (सानिमा माई), ७ मेगावाटको माई क्यासकेड, ७.८ मेगावाटको सुपरमाई, ९.६ मेगावाटको सुपरमाई ए, ३ मेगावाटको सुपरमाई ए क्यासकेड, ७.६ मेगावाटको जोगमाई खोला, ५.२ मेगावाटको जोगमाई क्यासकेड, ६.२ मेगावाटको तल्लो जोगमाई, ९.५ मेगावाटको माईबेनी, ९.९ मेगावाटको माथिल्लो माई, ५.१ मेगावाटको माई सी क्यासकेड, ४.९६ मेगावाटको पुवा २ र ३ मेगावाटको अपर पुवा १ जलविद्युत आयोजना इलाम जिल्लाका रहेका छन् । बाँकी दुई आयोजना मध्ये कोशी प्रदेशकै पाँचथर जिल्लामा रहेको १४.९ मेगावाटको हेवाखोला र बागमति प्रदेशमा रहेको ५२.४ मेगावाटको लिखु ४ जलविद्युत आयोजना प्रभावित भएका छन् । हाल लिखु बाहेक सबै आयोजनाको उत्पादन बन्द रहेको छ । लिखु ४ को भने १ घण्टाभन्दा केही बढी समय मात्र उत्पादन बन्द भएको थियो ।

**निर्माणाधीन आयोजनाको धेरै क्षति पहुँच मार्गमा**

निर्माणाधीन जलविद्युत आयोजनाहरुमा सबैभन्दा धेरै क्षति पहुँचमार्गमा देखिएको छ । मनाङमा रहेको ४९९५ मेगावाट क्षमताको दाना खोला जलविद्युत आयोजनाले बनाएको १२ किलोमिटर पहुँचसडकको धेरै ठाउँमा पहिरो गएको प्रवर्द्धक कम्पनी लालुपाते हाइड्रोपावरका सञ्चालक मोहनकुमार डाँगीले जानकारी दिए ।

यहि वर्षदेखि आयोजनाको निर्माण सुरु भएकाले पहुँच सडक सेट नभइसकेको अवस्थामा वर्षाले धेरै ठाउँमा बाटो बगाएको डाँगीले बताए । निर्माणाधीन अवस्थामा रहेका आयोजना मध्ये सिद्धि हाइड्रोपावरद्वारा प्रवर्द्धित इलाममा रहेको १० मेगावाटको सिद्धिखोला जलविद्युत आयोजना १० दिनभित्र व्यवसायिक उत्पादनमा जाने तयारीमा रहेकोमा बाढीले क्षति पुर्‍याउँदा यसको विद्युत उत्पादन मिति पर सरेको छ ।

पाँचथरमा रहेको २१.५ मेगावाटको सभाखोला बी र ९.९ मेगावाटको हेवाखोला जलविद्युत आयोजनाको निर्माण सामाग्री र निर्माण उपकरणहरु नै बगाएको छ । सिन्धुपाल्चोकमा रहेका ४ जलविद्युत आयोजनाको पहुँचमार्ग पनि बाढीले बगाएको छ । जसमा ३६.५१ मेगावाटको ब्रम्हायणी, १५.१५ मेगावाटको माथिल्लो ब्रम्हायणी, ४० मेगावाटको बलेफी र २२.५ मेगावाटको तल्लो बलेफी जलविद्युत आयोजनाको पहुँचमार्ग बाढीले बगाएको छ ।

रसुवामा रहेको २० मेगावाटको लाङटाङ खोला, भोजपुरमा रहेको १५.५ मेगावाटको इखँवा खोला बी, १४.५ मेगावाटको माथिल्लो इखँवा, स्याग्दीमा रहेको २२.५ मेगावाटको माथिल्लो ठूलो खोला, लमजुङमा रहेको ६.८२ मेगावाटको हिडी खोला, रामेछापमा रहेको ४८.८ मेगावाटको खिम्ति २ र धादिङमा रहेको ४.५ मेगावाटको गसाली खोला जलविद्युत आयोजनाको पहुँचमार्ग लगायतका विभिन्न संरचनामा क्षति पुगेका कारण यी आयोजनाको विद्युत उत्पादन मिति पर सरेको छ । सञ्चालनमा रहेका तथा निर्माणाधीन अवस्थाका आयोजनाहरुसम्म पुग्ने पहुँचमार्गहरु अवरुद्ध भएका कारण क्षतिको विस्तृत विवरण आउन भने अझै केही समय लाग्न सक्ने इप्पानले जनाएको छ ।

# ज्योतिषको गलत सूचनाले लाङटाङ ट्रेकिङमा गएको भन्ने कुरा छन् : कुलमान घिसिङ

**काठमाडौं-** ऊर्जा, जलस्रोत तथा सिंचाई, भौतिक पूर्वाधार तथा यातायात, शहरी विकासमन्त्री कुलमान घिसिङले केही ज्योतिषका कारण लाङटाङमा मानवीय क्षति भएको हुनसक्ने बताएका छन् ।



भौतिक पूर्वाधार मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै मन्त्री घिसिङले ज्योतिषले भनेको कुरामा विश्वास गर्दा मानवीय क्षति पुगेको हुनसक्ने बताएका हुन् । 'मैले सुनेको कुरा तपाईंहरूलाई भन्छु, केही ज्योतिषीहरूले यो हुँदैन, यो गलत हो भनेको कारणले पनि लाङटाङमा ट्रेकिङमा जानुभयो कि भन्ने कुराहरू छन् । हामीले त पटकपटक भन्या थियौं । सबैले जानकारी दिएका छौं,' मन्त्री घिसिङले भने । लाङटाङमा ट्रेकिङमा गएका ४ जना वेपत्ता भएका छन् । उनीहरूको खोजीकार्य जारी रहेको मन्त्री घिसिङले बताए । सूचना दिँदादिदै पनि खोला किनारबाट हट्न नचाहेपछि जबरजस्ती हटाउनुपरेको समेत बताए । केही गलत सूचनाका कारण समेत मानिसहरू समस्यामा परेको उनको भनाइ थियो । 'हामीले सूचना दिँदाखेरी, भन्दाखेरी पनि खोलाको किनारबाट हट्न चाहिरहेका थिएनन् । उहाँहरू त्यही बस्न चाहनुभएको थियो । नबगेसम्म बस्ने अवस्था पनि देखियो,' मन्त्री घिसिङले भने, 'त्यसपछि बेलुका हामीले फोर्सफूल्ली इभ्याकेशन गर्नपर्छ भनेर हामीले फोर्सफुल्ली इभ्याकेशन गर्‍यौं । त्यसले पनि धेरै नै क्षति हुनबाट रोकेको छ । किनभने मान्छेले भनेर र सुनेर मात्रै विश्वास गर्दैन । केही कुरा लापरवाहीले पनि भएको छ ।'

# कारागारले भन्यो– भागेका कैदीबन्दीलाई आश्रय नदिनू

**नवलपरासी–** भागेका कैदीबैन्दीलाई आश्रय नदिन कारागार कार्यायल नवलपरासीले अनुरोध गरेको छ ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन पश्चात भदौ २५ गते नवलपरासी कारागारबाट ५४६ कैदीबन्दी भागेका थिए । उनीहरुमध्ये केही कैदीबन्दी कारागारामा फिर्ता (हाजिर) भइसकेका छन् ।

भागेका कैदीबन्दीलाई कसैले पनि आफ्नो घरमा लुकाउन छिपाउन तथा आश्रय नदिन कारागार प्रशासनले आग्रह गरेको छ । कसैले आश्रय दिएको वा लुकाए थाह पाएपछि उनीहरुलाईसमेत कसुरदार ठानी कारबाहीको प्रक्रिया अगाडि बढाइने कारागार कार्यालयका जेलर विकल श्रेष्ठले बताए ।

हाजिर नभएका कैदीबन्दीको हकमा कारागार कार्यायलले यही असोज २० गतेसम्म हाजिर हुनलाई अनुरोध गरेको श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'असोज २० गतेसम्म हाजिर नहुने कैदीबन्दीलाई कारागार ऐन, २०७९ र प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।'

## खेलकुद

# ऐतिहासिक खेलमा नेपाली क्रिकेटको ऐतिहँसिक जित

**काठमाडौं–** टी-२० विश्वकप खेलेको झण्डै एक दशकपछि नेपाली पुरुष क्रिकेट टोलीले पहिलो पटक आईसीसीको पूर्ण सदस्य टोलीलाई हराएर इतिहास रच्न सफल भएको छ । शनिवार दुबईमा भएको वेस्ट इन्डिजविरुद्धको ३ खेलको टी-२० अन्तर्राष्ट्रिय शृंखलाअन्तर्गत पहिलो खेलमा नेपाली टोलीले ऐतिहासिक जित निकालेको हो ।

नेपालले आईसीसीको पूर्ण सदस्य टोलीसँग पहिलोपटक दुईपक्षीय शृंखला खेलेको हो । यस हिसाबमा यो नेपाली क्रिकेटको लागि ऐतिहासिक खेल पनि हो । नेपालले यसअघिसम्म अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) का कुनै पनि पूर्ण सदस्य टोलीलाई हराउन सकेको पनि थिएन ।

नेपालले गत टी-२० विश्वकपमा दक्षिण अफ्रिकालाई हराउने स्थितिमा पुगिसकेको थियो । तर, त्यसबेला अलिकति तालमेल नमिल्दा नेपालले इतिहास रच्न विफल भएको थियो । त्यो खेलमा नेपाल केवल १ रनले हारेको थियो ।यस्तै, नेपालले आईसीसीका अरू पूर्ण सदस्य टोलीहरू बंगलादेश, जिम्बावे, भारत र पाकिस्तानसँग पनि खेल्यो तर, जित भने हात पार्न सकेन ।

वेस्ट इन्डिजविरुद्ध भने नेपालले जित हासिल गर्दै ढिलै भए पनि इतिहास रचेको छ । वेस्ट इन्डिज दुईपटकको टी-२० विश्वकपको विजेता टोलीसमेत हो । यस अर्थमा यो जित नेपालको लागि ठूलै उपलब्धिको रूपमा रहेको छ । यो जितलाई नेपाली टोलीका कप्तान रोहितकुमार पौडेलले जेन-जी आन्दोलनमा सहिद भएका तथा घाइते भएका भाइ बहिनीहरूप्रति समर्पित गर्नुभएको छ । यस सफलतामा सामाजिक सञ्जालमार्फत् क्रिकेटसँगै अन्य खेलका पदाधिकारी र खेलाडीहरूले क्रिकेट टोलीलाई बधाई दिनु भएको छ । यसले सावित गर्छ कि क्रिकेटको सफलता नेपालको सम्पूर्ण खेलको सफलता हो भन्ने सन्देश प्रवाह भएको छ ।

**आईसीसीका पूर्ण सदस्यमा १२ टोली**

आईसीसीका पूर्ण सदस्य हुनको लागि टेस्ट, टी-२० र एकदिवसीय क्रिकेट तीनै फरम्याट खेल्ने पाउने अधिकार रहेको हुन्छ । अहिलेसम्म अस्ट्रेलिया, भारत, पाकिस्तान, इग्ल्यान्ड, दक्षिण अफ्रिका, श्रीलंका, जिम्बावे, वेस्ट इन्डिज, न्युजिल्यान्ड, अफगानिस्तान, बंगलादेश र आयरल्यान्ड गरी १२ टोलीहरू आईसीसीका पूर्ण सदस्यमा रहेका




छन् । यी टोलीहरू विश्वकप वा प्रमुख प्रतियोगिताहरूमा स्वतः छनोट हुने प्रावधान रहेको छ । नेपाल आईसीसीको एसोसिएट टोली भएको हुनाले विश्वकप वा प्रमुख प्रतियोगिता खेल्न छनोट चरणहरू खेल्नुपर्ने हुन्छ ।

**नेपाललाई १–० को अग्रता**

यो जितसँगै नेपालले तीन खेलको शृंखलामा १-० को अग्रता लिएको छ । शृंखलाअन्तर्गत दोस्रो खेल आज सोमबार हुनेछ । यूएईको सारजहाँ क्रिकेट मैदानमा नेपालले त्यति ठूलो स्कोर पनि गरेका थिएन । मात्र १ सय ४८ रन बनाएको थियो ।

यो रन पार गर्न दुई पटकको टी-२० विश्व च्याम्पियन वेस्ट इन्डिजको लागि कुनै ठूलो कुरो पनि होइन । तर, नेपाली बलरले वेस्ट इन्डिजलाई १९ रनले पराजित गर्न सफल भयो । २० ओभरसम्म ब्याटिङ गरे पनि वेस्ट इन्डिजले १ सय २९ रन मात्रै बनाउन सकेको थियो । नवीन बिदैसीले २२ रन बनाउनु नै वेस्ट इन्डिजका लागि सर्वाधिक योगदान सावित भएको थियो । नेपाली बलरमा कुशल भुर्तेलले दुई विकेट लिनुभयो । यस्तै, दीपेन्द्रसिंह ऐरी, करण केसी, नन्दन यादव, ललित राजवंशी र कप्तान रोहित पौडेलले समान एक विकेट लिनुभयो ।

यसअघि नेपालको ब्याटिङमा खासै राम्रो भएको थिएन । नेपालले निर्धारित २० ओभरमा ८ विकेटको क्षति बेहोर्दै १ सय ४८ रन बनाएको थियो । नेपाली टोलीका लागि कप्तान रोहित पौडेलले कप्तानी पारी खेल्नुभयो । रोहितले सर्वाधिक ३८ रनको योगदान दिनुभएको थियो । तर, अन्य ब्याटरमा कुशल मल्लचाहिँ चम्किनुभयो । उहाँले ३० रन बनाउनुभएको थियो । वेस्ट इन्डिजका लागि जेसन होल्डरले सर्वाधिक चार विकेट लिनुभयो । यस्तै, नवीन बिदैसीले ३ विकेट र कप्तान अकिल होसेनले एक विकेट लिनुभएको थियो ।

# नेपोली गोल अन्तरले अगाडि




**काठमाडौं–** रसमस होजलन्डले निर्णायक गोल गरेपछि नेपोलीले इटालीको सिरी 'ए' मा आइतबार जेनेआलाई २-१ ले हराएको छ र गोल अन्तरको आधारमा शीर्ष स्थानमा उक्लेको छ । जेनोआले नेपल्समा जेफ इख्टरको गोलले अग्रता लिएको थियो ।

त्यसपछि आन्द्रे फ्रान्कले नेपोलीका लागि बराबरी गोल गरे । होजलन्डको गोलपछि नेपोली पुनर्आगमन जित रच्न सफल रह्यो । दिनको अर्को महत्त्वपूर्ण खेलमा युभेन्ट्स र एसी मिलानले गोलरहित बराबरी खेलेपछि नेपोलीलाई अझ फाइदा भएको हो ।

नेपोली १५ अंकमा शीर्ष स्थानमा छ । उसको पछाडि रोमाको १५, मिलानको १३ र इन्टर मिलानको १२ अंक छ । यस्तै युभेन्ट्स १२ अंकमै पाँचौं स्थानमा रहेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ११,
२०८२ साल असोज २१ गते मंगलबार
7 OCTOBER 2025, TUESDAY

# जेनजी आन्दोलनमा निजी क्षेत्रमा आगजानी र तोडफोड गर्नेमाथि कारबाही गर्न व्यवसायीहरूको माग



**काठमाडौं-** जेनजी आन्दोलनका क्रममा निजी व्यवसायी क्षेत्रमा तोडफोड र आगजानी गर्नेहरूमाथि कारवाही गर्न माग गरिएको छ।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्शले सरकारको ध्यानाकर्षण गराउँदे यस्तो माग गरेको हो।

महासंघ अध्यक्ष चन्द्र प्रसाद ढकाल, परिसंघ अध्यक्ष वीरेन्द्रराज पाण्डे र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेश कुमार अग्रवालले अर्थमन्त्री रामेश्वर खनालसँगको भेटमा सुरक्षाको प्रत्याभूति एवं दण्डहीनता मौलाउन नदिने विषयमा ध्यानाकर्षण गराएका हुन्।

जेनजी आन्दोलनका क्रममा भएको घुसपैठले अर्थतन्त्रमा ८१ र रोजगारीमा ८६ प्रतिशत हिस्सा राख्ने निजी क्षेत्रमाथि आक्रमण भएको बताएका थिए। यसले उद्यमी व्यवसायी निरुत्साहित भएको बताउँदै घुसपैठ र लुटपाट तथा आगजनीमा संलग्नमाथि कारवाही गर्न माग गरेका हुन्। त्यस्ता प्रवृतिमाथि कारवाही हुन नसकेको खण्डमा निजी क्षेत्र थप निरुत्साहित हुनेतर्फ ध्यानाकर्षण गराएका थिए।

अर्थमन्त्री खनालले निजी क्षेत्रको मनोबल बढाउन सरकार निरन्तर प्रयत्नशील रहेको बताएका थिए। नीजि क्षेत्रको मनोबल बढाउन सरकार लागिरहेको बताउँदै त्यसका लागि व्यवसायीहरूको साथ र सहयोग चाहिने बताएका थिए।

सरकारले पुर्ननिर्माणका लागि राजश्व छुट, बैंकिङ सहुलियत र बीमामा सहजीकरणका कार्यक्रम सार्वजनिक गरेको छ।

मूल्य खारेजगरी भन्सारमा अनलाइन डेटाबेस प्रणाली लागु गरिएपछि बजारमा पारदर्शी कारोबारले प्रश्रय पाउने व्यवसायीहरूको विश्वास रहेको छ।

अध्यक्षहरुले सरकारको उक्त कदमको प्रसंशा गरेका थिए। निजी क्षेत्रको माग बमोजिम जडित नयाँ डेटावेस प्रक्रियाको उपयोग गर्न तीनै संस्थाले सदस्य एवं उद्यमी व्यवसायीलाई आग्रह गरेका छन्।

असोज ९ गते अर्थमन्त्री खनालले उदघाटन गरेको उक्त प्रणालीले हरेक ६ महिनामा परिमार्जन हुने सन्दर्भ पुस्तिकाका विषयमा व्यवसायीको गुनासो सम्बोधन गर्ने अपेक्षा गरिएको छ।

यस विधिमा जाँचपास भएको सबै वस्तुको मुल्य विवरण संग्रह गरिनेछ। सरकारका अनुसार यो भन्सार जाँचपासमा आएका वस्तुको विश्लेषण र तुलना गर्न मिल्ने डिजिटल श्रोत हो जसले कारोबार मुल्य पहिचान गर्न सहयोग पुग्दछ।

निजी क्षेत्र भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता कायम गर्ने कार्यमा निरन्तर क्रियाशील रहने बताउँदै अध्यक्षहरुले सरकारले पनि उद्यमी व्यवसायीले निर्वाध रुपमा काम गर्न पाउने वातावरण बनाउनुपर्ने बताएका थिए।

सरकारले निजी क्षेत्रका माग सम्भव भएसम्म तत्काल सम्बोधन गरिरहेको हुँदा निजी क्षेत्रले पनि इमान्दारितापूर्वक व्यवसायिक आचारसंहिता अनुरुप व्यवसाय गर्न अध्यक्षहरुले उद्यमी व्यवसायीहरुलाई आग्रह गरे।

वर्तमान सरकारको मुख्य लक्ष्य निर्वाचन भएपनि सुधारको जग बसाल्ने अवसर पनि भएको उल्लेख गर्दै उनीहरुले लगानी र अन्य स्रोत आकर्षित गर्न निजी क्षेत्रको अगुवाइ वा संलग्नतामा वहुपक्षीय वित्त सम्मेलन आयोजना गरि सबै सरोकारवालालाई आश्वस्त पार्नु पर्नेमा जोड दिए।

उनीहरुले निर्वाचनले नै खुला बजार र लोकतान्त्रिक व्यवस्था बलियो हुने बताउँदै समयमै निर्वाचन गर्न सहयोग र सहकार्य गर्न निजी क्षेत्र तयार रहेको बताएका थिए।

## अन्तराष्ट्रिय

# फ्रान्सको प्रधानमन्त्रीले दिए राजीनामा



**काठमाडौं-** फ्रान्सका नयाँ प्रधानमन्त्री सेबास्टियन लेकोर्नुले राजीनामा दिएका छन्। सोमबार राष्ट्रपति इमानुएल म्याक्रोंले नवनियुक्त प्रधानमन्त्री लेकोर्नुको राजीनामा स्वीकार गरेका छन्।

लेकोर्नु २६ दिनअघि मात्रै प्रधानमन्त्रीमा नियुक्त भएका थिए। उनले आइतबार मात्रै मन्त्रिपरिषद्को घोषणा गरेका थिए। नयाँ मन्त्रिपरिषद् गठन भएपछि देशभर राजनीतिक असन्तोष बढेको थियो। पुरानै व्यक्ति मन्त्रीमा दोहोरिएको भन्दै प्रधनमन्त्रीको आलोचना भएको थियो। सोमबार मन्त्रिपरिषद्को पहिलो बैठकको तयारी भइरहेका बेला लेकोर्नुले राष्ट्रपतिसमक्ष राजीनामा बुझाएका हुन्। प्रधानमन्त्रीका रूपमा काम गर्न असहयोग भएका कारण राजीनामा दिएको उनले बताएका छन्। उनले भने,'प्रधानमन्त्रीको रूपमा काम गर्न मलाई आवश्यक पर्ने सर्तहरू पूरा भएनन्।'

अप्रत्याशित रूपमा आएको राजीनामाले फ्रान्सको अस्थिर राजनीतिक वातावरणलाई झन् गहिरो बनाएको अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले जनाएको छ। लेकोर्नुका समर्थक र विरोधी दुवैले नयाँ सरकारलाई अविश्वास प्रस्तावमार्फत गिराउने चेतावनी दिएका थिए।

लेकोर्नुको राजीनामापछि नेसनल र्‍याली पार्टीले राष्ट्रपति इमानुयल म्याक्रोंलाई तुरुन्तै नयाँ संसदीय चुनाव आह्वान गर्न दबाब दिएको छ। र फ्रान्स अनबाउन्ड पार्टीले राष्ट्रपति म्याक्रोंको राजीनामा माग गरेका छन्।

**सामाजिक सञ्जाल...**

स्रोत भएको छ भने प्रयोगकर्ताहरुले सेवा पाएका छन्। नेपालका धेरैजति युवापुस्ता बैदेशिक रोजगारको शिलशिलामा विदेश गएको वेलामा नेपालमा रहेका आफ्ना बुबा-आमा, कसैका श्रीमती, कसैका श्रीमान, कसैका छोराछोरीसँग कुराकानी गर्न पनि सामाजिक सञ्जाल धेरै प्रयोग भएको देखिन्छ। बैदेशिक रोजगारमा गएको छोरा वा छोरीले पैशा पठाउदा बैकमा आउने म्यासेजले तत्कालै कति रकम कस्ले पठायो भन्ने कुरा थाहा पाउन, कुनै सन्चो विसन्चो थाहा पाउन, कुनै ठाउँमा घटना र्दुघटना भएमा त्यस घटनाको तुरुन्तै जानकारी लिन, विश्वसनीय रुपमा भिडियो लिन, कुनै साथीलाई कुनै ठाउँमा अफ्ठ्यारो पर्‍यो त्यस्ता साथीहरुलाई उद्धार गर्न, आर्थिक रुपमा कुनै मानिसलाई समस्या पर्‍यो भने त्यस खालका मानिसलाई मानवताका लागि सहयोग गर्न समाजमा भएका असल र गलत मानिसको वारेमा जानकारी लिन, समाजमा हुने चोरी, डकैती, लुटपाटको घटनामा सिसि क्यामेराको प्रयोगले त्यस्ता अपराधी पत्ता लगाई कानूनी कारवाही गर्न प्रविधिको विकासले सजिलो बनाएको छ। सँगसगै समयको बचत पनि भएको छ।

**सामाजिक सञ्जालको दुरुपयोग**

समाजमा एकै खालका मानिस पाईदैन। यो धुव्र सत्य हो। तर समग्रमा नेपालको पछिल्लो तथ्याङक अनुसार दिनानु दिन सामाजिक सञ्जालको दुरुपयोग बढ्दो छ। सामाजिक सञ्जालमा व्याक्तिगत लान्छना लगाउने, कुनै असल मानिसको पनि चरित्र हत्या गर्ने उद्देश्यले राखि सामाजिक सञ्जालमा राख्ने र अरुलाई ट्याग गरिदिने, भ्रम फैलाउने देखि राजनीतिक रुपमा समेत गलतलाई सही देखाउने र सहीलाई गलत देखाउनेसम्मका काम सामाजिक सञ्जालमा फैलाएको देखिन्छ। जसले सामाजिक मर्यादामा रहेका निष्ठावान व्याक्तित्वहरुको मनोवलमा ह्रास ल्याएको छ। अर्को सामाजिक सञ्जालमा मिलेर बसेको नेपाली समाजलाई जातिय, धार्मिक रुपमा लान्छना लगाउने, उत्तेजित पार्ने, नभएका कुराहरुलाई सामाजिक सञ्जालमा समूह बनाएर भ्रम फैलाउने, पुराना भिडियोहरु तत्कालैको हो भनेर कुप्रचार गर्ने, अरुको सिंगल फोटो अर्कोको फोटोमा टासेर गलत प्रयोग गर्ने, कुनै हयाकरले कुनैवेला सामाजिक सञ्जल नै हयाक गरेर पैशा माग्ने र धेरै ठगिने, कतिपय नचिनेका विदेशी हु तपाईलाई यति लाँख डलर चिट्टा पर्‍यो तर त्यो पैशा पाउन तपाईले यो खातामा यति डलर हाल्नुस् भन्ने तर पछि सम्पर्कमा नरहने, सामाजिक रुपमा उत्तेजना फैलाएर भीड जम्मा गर्ने, कुनै आधार नभएका विषयलाई सामाजिक सञ्जालमा पोष्ट गरेर सामाजिक सन्तुलनलाई बिगार्ने, विशेष गरेर महिलाहरुलाई ललाई फकाई सहमतिमा शारीरिक सम्बन्ध पनि राख्ने र पछि उक्त कृयाकलापको भिडियो गोप्य रुपमा खिचेर पछि बार्गेनिङ गर्ने, कतिपय महिलाले पनि अपराधिक मानसिकता राखेर टाढा लगेर अपरणको बाहानामा फिरौती माग्ने जस्ता कार्य भएको देखिन्छ। सामाजिक सञ्जाल दुरुपयोग नेपालको लागि चिन्ताको विषय भएको छ।

**कसरी नियन्त्रण गर्न सकिन्छ त ?**

१ यसको दुरुपयोग समाजभित्रवाट नै भएको हुनाले यसको निरुपण समाजवाट नै समाज नै चेतनशील हुनुपर्ने छ। किनकी त्यस्ता सामाजिक सञ्जाल दुरुपयोग गर्नेहरुले पोष्ट गरेका कुनैपनि ठिक नलाग्ने साथीहरुलाई तुरुन्तै साथीको समूहमा बल्क हानिदिने जसले गर्दा आफ्नो मातहतका साथीहरु माझमा त्यो गलत कुरा फैलन पाउदैन र नकरात्मक भ्रम फैलनवाट रोकिन्छ।

२ कुनै परिचय अर्थात फ्रेन्ड लक गरेर रिक्वेष्ट पठाउनेहरुलाई यासेप्ट नगर्ने किनकी अनुहार लुकाएर सामाजिक सञ्जाल प्रयोग गर्नेहरु असल नियतका नहुन सक्छन् किनकी उनिहरुलाई समाजले नचिनोस र उसले गलत कार्य गर्न सजिलो होस भनेर त्यसो गरेको हुन सक्छ।

३ कुनैपनि नचिनेका मानिसले पठाएका रिक्वेष्ट एसेप्ट नगर्ने, कुनैपनि नचिनेका मानिसको म्यासेजको विश्वास नगर्ने र चिनेकै साथीले रकम पठाउन म्यासेज गरेको भएपनि फोन गरेर भेरीफाई गरेपछि मात्रै कारोबार गर्ने गर्नुपर्दछ।

४ कुनैपनि सामाजिक प्रयोगकर्ताले जानीजानी दुरुपयोग गरेको खण्डमा तुरुन्तै कानूनी कारवाहीको लागि निवेदन दिने र कारवाहीको दायरमा ल्याउने सोहीगलत गरेको व्याक्तिको वारेमा अन्य साथीहरुलाई पनि जानकारी गराउने ताकी भोली फेरी त्यस्तो दूरुपयोग गरेर अरुलाई दुखः नदेओस्।

सामाजिक सञ्जालको दुरुपयोगकर्ताले दुखः र अभाव मात्र व्यहोर्नुपर्छ। तर सदुपयोगकर्ताले जहिलेपनि फाईदा मात्र लिन पाउछ। त्यसैले सामाजिक सञ्जाल सदुपयोग मात्र गरौ।

# सिरहामा दलित परिवारको घर भत्काएको आरोपमा वडाध्यक्ष पक्राउ



**जनकपुरधाम–** सिरहाको कल्याणपुर नगरपालिका वडा नम्बर ८ अरङमा पाँच दलित परिवारको घर भत्काएको आरोपमा वडाध्यक्ष रामकिशोर यादव पक्राउ परेका छन्।

सो घटनामा संलग्न भएको भन्दै पीडितले १३ जनाविरुद्ध आपराधिक उपद्रवअन्तर्गत जाहेरी दिएका थिए। जाहेरी परेपछि प्रहरीले वडाध्यक्ष यादवलाई सोधपुछका लागि बोलाएको थियो। त्यहीबेला उनलाई नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको सिराहाका प्रहरी उपरीक्षक (एसपी) अनन्तराम शर्माले जानकारी दिए।

वडाध्यक्ष यादवका अलावा तोडफोड र लुटपाटमा संलग्न स्थानीय राजकुमार सिंह, प्रभास सिंह, नितेश सिंह, शैलेन्द्र सिंह, कैलाश सिंह, गणेश कामती, मुस्तफा राइनलगायतमाथि जाहेरी परेको थियो। जाहेरी परेसँगै वडाध्यक्ष यादवसहित तीनजनालाई प्रहरीले पक्राउ गरिसकेको छ। अन्यको खोजी कार्य जारी रहेको एसपी शर्माले बताए।

१३ जनाविरुद्ध जाहेरी परे पनि अनुसन्धानबाट थप संलग्न व्यक्तिहरू पाइए उनीहरु माथि समेत कारबाही प्रक्रिया अघि बढाइने एसपी शर्माले बताए। अरङको ठूलो पोखरीको उत्तरपट्टी डिलमा बसोबास गरिरहेका पाँच घर दलितहरूको घर शुक्रबार ५ बजेतिर प्रहरीकै अगाडि तोडफोड र लुटपाट भएको थियो।

स्थानीय शोभित पासवान, विन्दे पासवान, अशोक पासवान, राजकुमार पासवान र रासलाल पासवानको घर तोडफोड र लुटपाट भएको थियो। पीडितका अनुसार राजकुमार सिंह, प्रभाष सिंह, शैलेन्द्र सिंह, नितेश सिंह लगयत २०/२५ जनाको समूहले घर तोडफोड तथा लुटपाट गरेका थिए। मिर्चैया र सशस्त्र प्रहरीको थप टोली आएपछि उनीहरू भागेका थिए।

असोज १ गतेको विश्वकर्मा पूजामा अरङ बजारमा आर्केस्ट्रा स्थलमा दलित समुदायसँग प्रभाससहितले विवाद गरेका थिए। त्यस घटना विरुद्ध दलित समुदायले प्रहरीमा उजुरी दिएपछि उनीहरुले घर तोडफोड गरेको स्थानीयको भनाइ छ।

**भोजपुर...**

धानबालीमा बर्सातले क्षति पुर्‍याएको उनको भनाइ छ। 'भारी वर्षातका कारण धानबालीमा क्षति पुगेको छ', उनले भने, 'पसाउँदै गरेको धान खेतमा ढलेर सखाप भएको अवस्था छ, अझै यस्तै अवस्था रहेमा धानबालीमा ठूलो क्षति हुने अवस्था छ।'

**चोभार...**

विगतमा बगाएर ल्याएको फोहोर हटाउने, पहिरो जान सक्ने सम्भावित क्षेत्र पहिचान गरी रोकथाम गर्ने मन्त्रालयले जनाएको छ। 'यसको दीर्घकालीन समाधानका लागि आवश्यक प्राविधिक अध्ययन गरी कार्ययोजना समेत तयार गर्ने मन्त्रालयको उद्देश्य रहेको छ,' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा छ, 'त्यसकारण चोभार गल्छी चौडा गर्ने तथा परापूर्वकालदेखि प्राकृतिक रूपमा रहेका चट्टानहरू हटाउने कुनै पनि उद्देश्य छैन।'

**राहत र उद्धार...**

गरियो,' उनले लेखेका छन्। मृतकका सबै परिवारलाई क्षतिपूर्ति दिने विषयमा छलफल भएको उनले बताए। एक जना गुमाएको खण्डमा २ लाख रुपैयाँ र एकभन्दा बढीको मृत्यु भएमा थप प्रतिव्यक्ति १ लाख रुपैयाँका दरले क्षतिपूर्ति दिने विषयमा पनि छलफल भएको उनले उल्लेख गरेका छन्। 'अस्थायी व्यवस्थापनका लागि दुई किस्तामा (पहिलोमा रु. २५,०००, दोस्रोमा रु. २५,००० पहिलो बनिसकेपछि) व्यवस्थापन गरिने,' नेम्वाङले मन्त्रीहरूसँग छलफल भएपछि लेखेका छन्, 'स्थायी पुनर्स्थापनाका लागि पनि उचित व्यवस्थापन गरिने।'

विपद् व्यवस्थापनका लागि इलाम जिल्ला विपद् व्यवस्थापन समितिलाई तत्काल हिजो नै ७० लाख रुपैयाँ निकासा भएको उनले जनाएका छन्। अवरुद्ध बाटो र पुल यथाशीघ्र खुलाउने विषयमा सरकारसँग उनले छलफल गरेका छन्। इलाममा भोलिसम्म पुनः विद्युत् सञ्चालनमा ल्याउने गरी काम भइरहेको सरकारले जानकारी गराएको छ। उद्धार र राहत कार्यमा खटिएकालाई पनि नेम्वाङले धन्यवाद दिएका छन्। इलामका प्रत्येक नागरिकको सुरक्षा, पुनर्स्थापना र मनोबलका लागि सम्बन्धित निकायहरूसँग निरन्तर समन्वयमा गरिरहेको उनले बताएका छन्।

# चाडबाडमा बाबालाई सम्झिँदै छोरीको कथामा विजय शंखरको ल्याए गीत




**काठमाडौं–** दसैं र तिहार नजिकिँदै गर्दा नयाँ नेपाली गीत “चाडबाड” सार्वजनिक भएको छ । यस गीतले विशेष गरी ती नेपाली परिवारहरूको कथा प्रस्तुत गर्छ, जहाँ बाबा विदेशमा रहेका कारण चाडपर्वमा परिवारसँग एकैठाउँ हुन पाउँदैनन् । गीतमा एक छोरीले आफ्ना बाबासँग चाडबाडमा सँगै हुन नसकेको पीडा व्यक्त गरेकी छिन् । अर्कातर्फ, बाबा पनि परदेशमा बस्दा परिवार र चाडपर्वको रमाइलो सम्झिँदै दुखी छन् ।

यस गीतमा अमेरिका निवासी गायक विजय सङ्खरको स्वर, शब्द र संगीत रहेको छ । उनलाई स्वरमा साथ उनकी छोरी प्रिस्किला सङ्खरले दिएकी छिन् । दीपकराज विश्वकर्माले संगीत संयोजन, मिक्सिङ र मास्टरिङको जिम्मेवारी सम्हालेका छन् । साथै, उनको निर्देशनमा बनेको यस भिडियोमा स्वयम् दीपकराज विश्वकर्मा, अजिता विश्वकर्मा, आज्ञा बस्नेत र आदिम विश्वकर्माले अभिनय गरेका छन् । सुबिन गोदारले छायांकन गरेको भिडियो दिन्सन शाहले सम्पादन गरेका हुन् । भिडियो हेर्दा लाग्छ, यो गीत धेरै नेपालीको मन छुनेछ । छोरीले घरमा चाडपर्वको तयारी गर्दै बाबालाई सम्झेकी छिन् भने बाबाले विदेशमा एक्लोपन महसुस गर्दै परिवारसँग रमाउन नपाएको पीडा व्यक्त गरेका छन् । भिडियोको निर्देशन र पात्रहरूको अभिनयले वास्तविक जीवनको भावनालाई जीवन्त रूपमा प्रस्तुत गरेको छ ।

यो केवल गीत मात्र होइन, विदेशिएका बाबाआमा, छोराछोरी र सम्पूर्ण नेपाली परिवारहरूको साझा कथा हो । दसैं-तिहारको रमाइलोबीच सम्पूर्ण परिवार एकसाथ नहुने भावनालाई यस गीतले मार्मिक ढंगले उजागर गरेको छ । गीतको म्युजिक भिडियो “विजय सङ्खर अफिसिएल” युट्युब च्यानलमार्फत हेर्न सकिन्छ ।

# ‘मैझारो’को ‘साकेला नाचौँ’ गीतमा नाचे दयाहाङदेखि मिरुनासम्म





**काठमाडौं–** कलाकार विल्सन विक्रम राई (तक्मे बुढा)को निर्देशनमा बनेको फिल्म ‘मैझारो’मा समावेश दोस्रो गीत ‘साकेला नाचौँ’ सार्वजनिक गरिएको छ । दशैंको पूर्णिमाको अवसर पारेर सोमबार सार्वजनिक यस गीतमा राजेश पायल राई र मेलिना राईको स्वर रहेको छ भने पदम साधना कुलुङको शब्द रचना तथा तोरेम्पाहाङ राईको संगीत छ । राजु कार्की संगीत निर्माताको रुपमा छन् ।

गीतको भिडियोमा फिल्मका कलाकारहरु दयाहाङ राई, दीया पुन, धीरज मगर, मिरुना मगर, विल्सन विक्रम राई, रजनी गुरुङ लगायतले साकेला नाच प्रस्तुत गरेका छन् । यो नाच किराँत समुदायको प्रमुख सांस्कृतिक नृत्य हो । किराँतहरूले उधौली र उभौली पर्वको समयमा साकेला नाच्ने गरेका छन् । यसलाई साकेला सिली पनि भनिन्छ ।

लिम्बू र राई समुदायबीचको प्रेम सम्बन्धको कथामा आधारित ‘मैझारो’मा बुद्धि तामाङ,सुनिल थापा, पुस्कर गुरुङ, अभयराज बराल, माओत्से गुरुङ, कविता आले, प्रेम सुब्बा, उदय सुब्बा, अनिल सुब्बा लगायतको पनि अभिनय रहेको छ । निर्देशक राई स्वयंको लेखन रहेको फिल्ममा सौरभ लामाको छायांकन तथा मित्र डि. गुरुङको सम्पादन छ ।

तक्मे प्रोडक्सन र हाइल्यान्डर क्रूको सहकार्यमा निर्माण भएको ‘मैझारो’का गीतमा अनमोल गुरुङ र तोरेम्पाहाङ राईले सगीत भरेका छन् भने ब्याकग्राउन्ड स्कोर रोहित शाक्यले गरेका छन् । यो फिल्म भाइटीकाको अवसर पारेर आगामी कात्तिक ७ गतेबाट प्रदर्शनमा आउँदैछ । दुई हप्ताअघि फिल्मको टिजर सार्वजनिक गरिएको थियो, जसले दर्शकबाट राम्रो प्रतिक्रिया पाएको छ ।

# ‘हरिबहादुरको जुत्ता’लाई दर्शकको साथ

**काठमाडौं–** फूलपातीदेखि प्रदर्शनमा आएका तीन फिल्ममध्ये ‘हरिबहादुरको जुत्ता’ले पहिलो दिन सबैभन्दा कम शो पाएको थियो । यसको देशव्यापी शो एक सय हाराहारी थियो । ‘बलिदान’ र ‘माइतीघर’ले भने झन्डै साढे तीन सय शो कब्जा गरेका थिए । तर, प्रदर्शनको एक हप्ता वित्दै गर्दा ‘हरिबहादुरको जुत्ता’ले शोमा बाजी मारेको छ । आइतबारदेखि सबैभन्दा धेरै शो नै यही फिल्मले पाएको छ ।


फिल्मका वितरक मनोज राठीका अनुसार फिल्मको देशव्यापी शो ११७ पुगेको छ । दर्शकबाट प्राप्त सकारात्मक प्रतिक्रिया र अकुपेन्सीमा वृद्धि भएपछि हलहरूले फिल्मको शो बढाएको उनको भनाइ छ । दशैंको टीकापछि देशभर फिल्म हेर्ने दर्शकको चापमा उल्लेख्य वृद्धि देखिएको उनी बताउँछन् । अब फिल्मले छठसम्म राम्रो व्यापार गर्ने उनको विश्लेषण छ ।

‘हरिबहादुरको जुत्ता’ हेर्न देशभरका हलमा पारिवारिक दर्शक बढी देखिएका छन् । बालबालिका, किशोरकिशोरीसँगै लौरो टेकेर समेत वृद्धवृद्धा हल पुग्नुले फिल्मप्रति दर्शकमा उच्च उत्साह र रुचि रहेको देखिन्छ । फिल्मलाई दर्शकहरूबाट प्रतिक्रिया पनि सकारात्मक मिलेको छ । फिल्मको कथावस्तु, कलाकारहरूको अभिनय र संगीत पक्ष बढी रुचाइएको छ ।

दीपेन्द्र के. खनालको निर्देशनमा बनेको यो फिल्ममा हरिवंश आचार्य, स्वस्तिमा खड्का, प्रकाश सपूत, प्रियंका कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेल, दिनेश काफ्ले, सीता न्यौपाने लगायतको अभिनय रहेको छ । फिल्ममा हरिवंशले आफ्नो चर्चित पात्र हरिबहादुरको भूमिका निभाएका छन् । सरोज ओली र मोहितवंश आचार्यले फिल्मको निर्माण गरेका हुन् ।



# ‘माइतीघर’को भिडियो प्रतियोगिता : दुई विजेता घोषित, जनही साढे २ लाख पाउने




**काठमाडौं–** फूलपाती (१३ असोज)बाट प्रदर्शनमा आएको फिल्म ‘माइतीघर’ले घरेलु बक्स अफिसमा सुखद् व्यापार गरिरहेको छ । पहिलो दिनदेखि नै देशभर उपलब्ध शोहरूमा ५० प्रतिशतभन्दा माथि अकुपेन्सी हासिल गरिरहेको यो फिल्मलाई दर्शकबाट उत्साहजनक प्रतिक्रिया मिलेको छ । फिल्मको कथा र कलाकारहरूको अभिनयको निकै प्रशंसा भएको छ ।

फिल्म प्रदर्शन हुनुअघि यसको निर्माण पक्षले शीर्ष गीत ‘वसन्त नै बस्न खोज्छ’मा भिडियो प्रतियोगिता आयोजना गरेको थियो । यस गीतमा एक हजारभन्दा बढीले भिडियो बनाएकोमा बुटवलका सुरज सिंजाली मगर र श्री डान्स एकेडेमीका बालिकाको भिडियो उत्कृष्ट ठहरिएको छ । सोमबार प्रतियोगिताका निर्णायक कोरियोग्राफर कविराज गहतराजले विजेताको नाम घोषणा गरेका हुन् ।

विजेतालाई पाँच लाख नगद पुरस्कार दिने घोषणा गरिएकोमा अब दुई समूहलाई जनही साढे २ लाख प्रदान गरिने भएको छ । निर्माता रोहित अधिकारीले भने, ‘यसपटक सुरज सिंजाली र नाश्री डान्स एकेडेमीका बहिनीहरुको प्रतिस्पर्धा कडा भयो । यसैले निर्णायकले दुवैलाई विजेता घोषणा गर्नुभएको छ । अब हामी दुवै समूहलाई जनही साढे २ लाख पुरस्कार दिनेछौं ।’

मिलन तामाङको निर्देशनमा तयार भएको यो फिल्ममा केदार प्रसाद घिमिरे (माग्ने बुढा), धीरज मगर, प्रकाश सपुत, उपासना सिंह ठकुरी, श्यामाश्री शेर्पा, युवराज लामा, बुद्दि तामाङ, शिशिर वाङ्देल लगायतको अभिनय रहेको छ । तामाङ संस्कृतिलाई मुख्य विषय बनाएर फिल्मले माइतीघर र चेलीको सम्बन्धको कथा भनेको छ ।

# विजय र वर्षाले सकाए ‘मालती मंगले’को छायांकन

**काठमाडौं–** अभिनेता विजय बराल र अभिनेत्री वर्षा राउतको मुख्य भूमिका रहेको फिल्म ‘मालती मंगले’को सम्पूर्ण छायांकन सकिएको छ । सोमबार स्याङ्जा जिल्लामा फिल्मको अन्तिम दृश्य खिचिएको कार्यकारी निर्माता सागर ज्ञवालीले जानकारी दिए । उनका अनुसार तनहुँ र स्याङ्जामा गरी ३१ दिन फिल्मको छायांकन गरिएको हो । छायांकन सकाएर फिल्मको टिम काठमाडौं फर्किसकेको छ ।

फिल्मको छायांकन सुरु हुनुअघि गत महिना काठमाडौंको कोटेश्वरस्थित महादेवस्थान मन्दिरमा स्क्रिप्ट र क्यामेरा पूजासहित शुभमुहूर्त गरिएको थियो । त्यसबेला फिल्मका निर्माता समेत रहेका गायक रामकृष्ण ढकालका अभिभावक गोपाल कर्माचार्यले क्ल्याप ठोकेका थिए भने विजय र वर्षाले पहिलो दृश्यमा अभिनय गर्दै छायांकन सुरु गरेका थिए ।

रानी म्युजिक इन्टरनेशनलको ब्यानरमा युनी इन्टरटेनमेन्टको सहकार्यमा बनेको यो फिल्ममा विजय र वर्षासहित मेक्सम गौडेल, सुवर्ण थापा, प्रकाश घिमिरे, सरिता गिरी, सुस्मा निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु शाह, सुचित्रा उप्रेती, दिनेश शाही, रिजन परियार, तारा शर्मा, गीता श्री, राज पंगेनी, सुस्मिता गुरुङ, सागर भट्टराई लगायतको अभिनय रहेको छ ।

बाबु सुवेदी, रविन श्रेष्ठ, बेदना कर्माचार्य श्रेष्ठ र स्विकृति बस्नेत सह-निर्माता रहेको ‘मालती मंगले’लाई प्रकु पाण्डेयले निर्देशन गरेका हुन् ।

# निर्वाचन आयोगले तयार पाऱ्यो चुनावी कार्यक्रमको खाका



**काठमाडौं–** निर्वाचन आयोगले २१ फागुनमा हुने निर्वाचन कार्यक्रम तालिका सार्वजनिक गर्ने तयारी गरेको छ । कार्यक्रम तालिकाको खाका बनिसकेको छ ।

निर्वाचन आयोगमा तयार भएको कार्यक्रमको खाकामाथि पदाधिकारीहरुले छलफल गरिरहेका छन् । आयोग स्रोतले भन्यो, ‘पदाधिकारीहरुको बैठक टुंगिनासाथ कार्यक्रम तालिका सार्वजनिक हुनसक्छ ।’

आयोगसम्वद्ध स्रोतका अनुसार, नयाँ दल दर्ताका लागि कार्तिक मसान्तसम्मको समयसीमा तोक्ने तयारी छ । त्यसपछि दर्ता हुने दलले आगामी २१ फागुनमा हुने निर्वाचनमा भाग लिन पाउने छैनन् ।

आयोगले त्यसपछि निर्वाचन प्रयोजनका लागि फेरि दल दर्ताको आह्वान गर्नेछ । त्यसका लागि १० मंसिर हाराहारीको समय तोक्ने तयारी छ । नयाँ दर्ता हुने दलहरुले पनि त्यही समयभित्र फेरि निर्वाचनका लागि दर्ता गर्नुपर्नेछ ।

आयोगले करिब डेढ महिनाको समय राखेर उम्मेद्वारहरुको मनोनयन मिति तोक्नेगरी छलफल अघि बढाएको छ । माघको पहिलो साताभित्र उम्मेद्वारहरुले मनोनयन दर्ता गर्नुपर्नेछ ।

विगतका निर्वाचनमा मनोनयन दर्ता गर्नासाथ उम्मेद्वारहरु प्रचारप्रसारमा जान पाउँथे । यसपटक निर्वाचन आयोगलाई त्यसलाई साँघुरो बनाउने तयारी गरेको छ ।

उम्मेद्वारहरुले भौतिक रुपमा निर्वाचन प्रचारप्रसारका लागि करिव १५ दिनको समय मात्रै पाउनेगरी अवधि तोक्नेबारे आयोगमा छलफल चलेको छ ।

त्यसो हुँदा ६ फागुनभन्दा अघि उम्मेद्वारहरुले भौतिक रुपमा सभा सम्मेलन, प्रचारप्रसार र कोणसभा गर्न पाउने छैनन् । ‘खर्चिलो प्रचारप्रसारका कारण बेथिती बढ्यो भनेर विगतमा व्यापक गुनासो आएको थियो’ आयोगसम्वद्ध स्रोतले भन्यो, ‘त्यसैले निर्वाचन प्रचारप्रसारका लागि दुई साताभन्दा बढी समय राख्नुहुँदैन भन्ने कुरा आएको छ । त्यसै अनुसार नै कार्यक्रम तालिकाको खाका बनेको हो ।’ आयोगको बैठकले निर्वाचन कार्यक्रम तालिका तयार गरेपछि मंगलबार बृहत छलफल गर्ने तयारी छ ।

प्रधानमन्त्रीको उपस्थितीमा आयोगका पदाधिकारीहरुसहित सबै मन्त्रीहरु, सुरक्षा निकायका प्रमुखहरु, मुख्यसचिवसहित सबै सचिवहरुको बैठकमा निर्वाचन तयारीबारे छलफल गर्ने योजना बनेको हो ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ११,
२०८२ साल असोज २१ गते मंगलबार
7 OCTOBER 2025, TUESDAY

# राजमार्ग देखि शहरसम्म छैन चार्जिङको समस्या

**काठमाडौं–** इभिका लागि चार्जिङ स्टेसन प्रशस्त देखिन थालेका छन् । अहिले गाडि विक्रेता मात्र नभइ निजीस्तरमा अरुले पनि व्यावसायिकरुपमा चार्जिङ स्टेसनमा लगानी गर्न थालेका छन् ।

पेट्रोल-डिजल इन्जिनका गाडीका लागि निश्चित दूरीमा पेट्रोल पम्प भएजस्तै इभी प्रयोगकर्तालाई लक्षित गरी चार्जिङ स्टेसन राख्ने क्रम बढेको छ ।

गाडी बिक्रेता कम्पनीहरुले काठमाडौंका अलावा धार्के, मुग्लिन, भरतपुर, नारायणगढ, दमौली, पोखरा, मणिग्राम, सुनवल इटहरी, भैरहवा, नरायणघाट, मुल्कोट, हेटौंडा, चुम्लिङटार, ढल्केवर लगायत देशका विभिन्न स्थानम चार्जिङ स्टेसन संचालनमा ल्याइसकेका छन् । ती चार्जिङ स्टेसनमा इभी प्रयोगकर्ताले फास्ट चार्जरको सुविधा पाइरहेका छन् । कम्पनी अनुसार गाडी चार्ज गर्न पाइन्छ ।

यसबाहेक होटल, रेष्टुरेन्ट र अरुले पनि व्यावसायिकरुपमा चार्जिङ स्टेसन राख्ने क्रम बढिरहेको छ जहाँ सबै प्रकारका गाडी चार्ज गर्न पाइन्छ । जसले गर्दा काठमाडौंबाट पोखरा, बुटवल, धरान लगायत प्रमुख शहरमा इभीमा यात्रा गर्न सजिलो भएको छ ।

काठमाडौंबाट पोखरा वा नेपालगञ्ज जानेहरूका लागि मुग्लिन, बुटवल र पोखराका धेरै ठाउँमा चार्जिङ स्टेसनको सुविधा छ । चार्जिङ स्टेसनको उपलब्धताले इभी प्रयोगकर्ताले लामो दूरीको यात्रा गर्न हिचकिचाउनु पर्ने अवस्था छैन ।

बिपी राजमार्गमा काठमाडौंदेखि बर्दिबासम्म इभीमा यात्रा यात्रा गर्नेहरूका लागि बनेपा, नेपालथोक, मुलकोट, खुर्कोट, भिमान र बर्दिबासमा चार्जिङको सुविधा छ । चार्जिङ सुविधाका कारणपूर्व पश्चिम राजमार्गमा इभी प्रयोगकर्तालाई निकै सजिलो भएको छ । काँकडभिट्टादेखि महेन्द्रनगरसम्मका मुख्य शहरमा थुप्रै चार्जिङ स्टेसन स्थापना भएका छन् ।



झापाको काँकडभिट्टा र बिर्तामोड, मोरङको विराटनगर, सुनसरीको इटहरी र धरान, सिरहाको लहान, सर्लाहीको हरिवन, बाराको सिमरा, रुपन्देहीको बुटवल र भैरहवा, दाङको लमही, बाँकेको कोहलपुर र नेपालगञ्ज, कैलालीको धनगढी र कञ्चनपुरको महेन्द्रनगरमा चार्जिङ स्टेसन उपलब्ध छन् ।

पृथ्वी राजमार्गमा धादिङको धार्के र मलेखुमा नेपाल विद्युत प्राधिकरणका दुई/दुईवटा चार्जिङ स्टेसन छन् । यस्तै निजी क्षेत्रले पनि उल्लेख्य संख्यामा चार्जिङ स्टेसन राखेका कारण इभी प्रयोगकर्तालाई समस्या हुने स्थिति छैन ।

प्राधिकरणले ६१ वटा र निजी क्षेत्रले ८०० भन्दा बढी चार्जिङ स्टेसनको व्यवस्था गरेका छन् । प्राधिकरणअन्तर्गत ६१ वटा चार्जिङ स्टेसन संचालनमा छन् । प्राधिकरणले सातै प्रदेशका प्रमुख राजमार्ग र नजिकका बसपार्क क्षेत्रमा चार्जिङ स्टेसन संचालन गरिरहेको हो । बागमती प्रदेशमा मात्र २० स्थानमा प्राधिकरणका चार्जिङ स्टेसन छन् । काठमाडौं उपत्यकाभित्र ७, मुग्लिन-कुरिनटारमा ४, मलेखु, सिन्धुली, हेटौंडा र भरतपुरमा दुई/दुई र बनेपामा एउटा चार्जिङ स्टेसन छन् ।

यस्तै कोशी प्रदेशमा दमक, भद्रपुर, कन्काई, विराटनगर र इटहरीमा चार्जिङ स्टेसन राखेको प्राधिकरणले मधेश प्रदेशको वीरगंज, सिमरा, चन्द्रनिगाहपुर, ढल्केबर, जनकपुरधाम, बर्दिबास र राजविराजमा चार्जिङ सुविधाको व्यवस्था गरेको छ ।

गण्डकी प्रदेश अन्तर्गत पोखरामा तीन वटा तथा नवलपुर, दमौली र स्याङ्जामा एक/एक वटा, लुम्बिनी प्रदेश अन्तर्गत बुटवलमा ३, बर्दघाट र सुनवलमा दुई/दुई तथा नेपालगञ्ज, भालुवाङ र दाङमा एक/एकवटा चार्जिङ स्टेसन रहेको प्राधिकरणले जनाएको छ ।

कर्णाली प्रदेशमा भने सुर्खेतमा एउटा मात्रै चार्जिङ स्टेसन छ । सुदूरपश्चिम प्रदेशमा प्राधिकरणका तीनवटा चार्जिङ स्टेसन छन् । महेन्द्रनगर, धनगढी र डडेल्धुरामा एकएक वटा चार्जिङ स्टेसन संचालनमा रहेको प्राधिकरणले जनाएको छ ।

### द्रुत गतिमा बढ्दो इभी उद्योगमा परिवर्तन

# विद्युतीय सवारीसाधनका लागि नयाँ नियम लागू

**काठमाडौं–** विश्वको अटो बजारमा आफ्नो हिस्सा बढ्दै गएपछि चीनले निर्यात हुने विद्युतीय सवारीसाधनका लागि नयाँ नियम लागू गर्ने भएको छ । चीनको वाणिज्य मन्त्रालयले इभी जथाभावीरुपमा बिक्री गर्नेमाथि कडाइ गर्नका लागि नयाँ नियम लागू गर्न लागेको हो ।

वाणिज्य मन्त्रालयले गरेको घोषणा अनुसार २०२६ को जनवरी १ देखि विद्युतीय सवारीसाधन उत्पादकहरुले आफ्ना कार विदेशमा ढुवानी गर्नुअघि निर्यात परमिट प्राप्त गर्नु पर्नेछ । यो नीतिले द्रुत गतिमा बढ्दो इभी उद्योगमा परिवर्तन हुने मन्त्रालयको बुझाइ छ । घरेलु बजारमा प्राइस वार र एग्रेसिभ डिस्काउन्टले 'लङटर्म सस्टेनबिलिटी'मा आशंका उत्पन्न भएपछि अटो बजारको स्वस्थ र दिगो विकासलाई प्रोत्साहित गर्नका लागि नयाँ नियम लागू गर्न लागेको चिनियाँ अधिकारीहरुले बताएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जनाएका छन् ।

नयाँ नियम लागू गरेर चीन सरकारले इभीमा गुणस्तर सुनिश्चित गर्नुका साथै विदेशमा आफ्ना ब्रान्डको प्रतिष्ठा रक्षा गर्ने लक्ष्य राखेको छ । नियामकहरुले अटोमेकरलाई यसअघि नै छुट दिने अभ्यास रोक्न र बाँकी ऋण तिर्न निर्देशन दिइसकेका छन् । मन्त्रालयले नयाँ नियम पूर्ण रुपमा सार्वजनिक गर्न बाँकी भए पनि विश्लेषकहरुले अनुमति प्रक्रियामा उत्पादन क्षमता, गुणस्तरको मापदण्ड,



आपूर्ति श्रृंखला प्रमाणीकरण र निर्यात मात्राको सीमा लगायत विषय समावेश हुने अनुमान गरेका छन् ।

नेपालमा पनि पछिल्लो समय चीनबाट गुणस्तरहीन इभी आयात भइरहेको छ । जथाभावी रुपमा भइरहेको आयातमा कडाइ गर्न सरकारले नयाँ मापदण्ड बनाउने काम गरिरहँदा चीनले आफैं कडाइ गर्न लागेको हो । चीनको नयाँ नियम कार्यान्वयनमा आएपछि नेपालमा कमसल खालका इभी आयात गर्ने ढोका बन्द हुनेछ ।

नयाँ नियम इभीका हकमा आगामी जनवरीदेखि लागू हुनेछ । अन्य सवारीसाधनका लागि भने अहिलेकै नियम यथावत रहनेछन् । अहिले तीव्र गतिमा भइरहेको इभी उत्पादन र निर्यातलाई नियमन गर्न नयाँ नियम लागू गर्न लागेको चिनियाँ अधिकारीहरुले बताएका छन् । नयाँ नियमपछि जथाभावी बिक्री गर्ने अनधिकृत बिक्रेताले ठाउँ पाउने छैनन् । अहिलेको प्राइस वार कम हुने र गुणस्तरका कारण ब्रान्डको प्रतिष्ठालाई पनि जोगाउने चिनियाँ अधिकारीहरुको बुझाइ छ ।

# रोल्स-रोयसले १०० वर्ष पुरा भएको अवसरमा विशेष फ्यान्टम एडिसन ल्याउने



**काठमाडौं–** विश्वको सबैभन्दा प्रतिष्ठित लक्जरी कार ब्रान्ड रोल्स-रोयसले १०० वर्ष पूरा भएको अवसरमा विशेष फ्यान्टम एडिसन लन्च गर्ने भएको छ ।

कम्पनीले यस विशेष मोडललाई फ्यान्टम सेन्चुरी एडिसन नाम दिएको छ । यो एडिसनको रोल्स-रोयसलाई अहिलेसम्मकै सबैभन्दा विलासी काठको इन्टेरियर प्रस्तुत गरिनेछ ।

यो सीमित संस्करणको मोडल बाहिरी डिजाइनमा मात्र आकर्षक हुनेछैन, यसको भित्री भाग पनि रोल्स-रोयसको इतिहास दर्साउन काठको प्रयोग गरेर उत्कृष्ट कलामार्फत पेस गरिने जनाइएको छ ।

कम्पनीले यसमा प्रयोग हुने काठ विश्वका विशेष खालका काठ पाइने क्षेत्रहरुबाट छनोट गरिएको र परम्परागत हस्तकला प्रविधिहरुले सजाइने बताएको छ ।

फ्यान्टममा हरेक विवरण सावधानीपूर्वक डिजाइन गरिएको छ । यसको ड्यासबोर्डदेखि डोर प्यानलसम्म प्रत्येक स्थानहरुमा काठको फिनिशिङ दिइनेछ । यसबाहेक यो एडिसन खरिद गर्ने ग्राहकहरुले आफुलाई मन पर्ने रंग र काठमा इन्टेरियर डिजाइनहरु रोज्न पाउनेछन् ।

इन्टेरियरको अतिरिक्त यसमा विशेष ब्याजिङ, नयाँ कलर अप्सन र १०० औं वार्षिकोत्सवलाई प्रतिबिम्बित गर्ने विशेष विवरणहरु समावेश हुनेछन् ।

रोल्स-रोयसले यो मोडेललाई ब्रान्डको विरासतलाई नयाँ युगमा लैजाने र यसरी गाडी कलेक्सन गरेर राख्ने ग्राहकहरुका लागि दुर्लभ डाइमन्ड जस्तो बन्ने लक्ष्य राखेको छ ।

# महिन्द्रा र हुन्डाईलाई पछि पार्दै टाटा



**काठमाडौं–** भारतीय अटो बजारमा सेप्टेम्बर महिनामा गाडी बिक्री गर्न टाटाले महिन्द्रा र हुन्डाईलाई पछि पारेको छ । टाटाले महिन्द्रा र हुन्डाईलाई पछि पार्दै दुई नम्बरमा आएको छ । गत महिना टाटा तेस्रो स्थानमा थियो ।

टाटाले ४० हजार ५९४ युनिट कार बिक्री गरेको तथ्यांकले देखाउँछ । तेस्रोमा महिन्द्राले ३७ हजार १५ युनिट बिक्री गरेको छ । साथै हुन्डाईले ३५ हजार ४४३ युनिट कार बिक्री गरेको छ ।

मारुती सुजुकी भने यो पटक पनि भारतमा कार बिक्री गर्ने टप ब्रान्डमा स्थापित छ । मारुती सुजुकीले सेप्टेम्बरमा १ लाख ३२ हजार ८२० युनिट कार बिक्री गरेको छ ।

यस्तै समग्रमा टाटाले ६० हजार ९०७, महिन्द्रा ५६ हजार २३३ र हुन्डाईले ५१ हजार ५४७ युनिट बिक्री गरेका छन् ।

# दसैं बिदाअघिको सेयर बजार दोहोरो अंकले उकालो

**काठमाडौं–** दसैं बिदाअघिको सेयर बजार दोहोरो अंकले उकालो लागेको छ । नेप्से परिसूचक आइतबार ११.५१ अंक बढेर २६६३.५१ विन्दुमा पुगेको छ ।

होटल तथा पर्यटन, अन्य र व्यापार बाहेकका उपसमूहले नेप्से बढाएका हुन् । १७० कम्पनीको सेयर मूल्य बढेको छ ।

६९ कम्पनीको सेयर मूल्यमा गिरावट आएको छ । सिक्लेस हाइड्रोपावरको सेयर मूल्यमा नेगेटिभ सर्किट लागेको छ ।

बजारमा २ अर्ब ९३ करोड ५९ लाख रुपैयाँको सेयर कारोबार भएको छ । युनियन हाइड्रोपावरको सर्वाधिक २४ करोड ११ लाख रुपैयाँको सेयर किनबेच भएको छ ।

यस्तै, नेपाल रिइन्स्योरेन्सको ११ करोड र शिवम् सिमेन्टको ८ करोड रुपैयाँको सेयर कारोबार भएको छ । सेयर बजार अब दसैं बिदा सकिएपछि खुल्नेछ ।



जेष्ठ नागरिकको सम्मान गरौं ।

जेष्ठ नागरिक अनुभव र ज्ञानका भण्डार हुन्:

- जेष्ठ नागरिकको भूमिकालाई परिवार र समाजमा महत्व दिऔं,
- निर्णय प्रक्रियामा समावेश गराऔं,
- स्वास्थ्य र सुरक्षा सुनिश्चित गरौं,
- एक्लोपन हटाउन सँगै समय बिताउने गरौं,
- सामाजिक र सांस्कृतिक कार्यक्रममा सहभागी गराऔं,
- आर्थिक रूपमा सहयोग र सुरक्षा उपलब्ध गराऔं,
- अधिकार र स्वाभिमानको रक्षा गरौं,
- सद्भाव र माया बढाई परिवार र समाजको अभिन्न हिस्सा बनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार